‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं. ६६१४६८६
मोतिविन्दु तथा आँखा शिविरसम्बन्धी सूचना
स्वास्थ्य शिविर
मिति : २०८३ भदौ २७ गते, शनिबार
समय : बिहान ८:०० बजेदेखि १:०० बजेसम्म
स्थान : भक्तपुर साकोसको प्राङ्गण
दर्ता शुल्क : रू. २०।-
पुनश्च : ज्येष्ठ नागरिकलाई विशेष ग्राह्यता दिइनेछ ।
आयोजक: स्वास्थ्य उपसमिति
प्राविधिक सहयोग: ख्वप तिलगंगा आँखा अस्पताल भक्तपुर

★ वर्ष : २८ ★ अङ्क : २३२ ★ ने. सं. ११४६ जला थ्व, प्रतिपदा ★ शनिबार ★ २७ भदौ, २०८३ ★ September 12, 2026, Saturday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८



प्रजातान्त्रिक जन गणतन्त्र कोरिया (उत्तर कोरिया) स्थापनाको ७८ औं वार्षिकोत्सवको अवसरमा देशको राजधानी प्योङयाङस्थित भिक्ट्री स्क्वायरमा भेला भएर परम्परागत पोशाक लगाएर सामूहिक नृत्य गर्दै कोरियाली महिलाहरू सेप्टेम्बर १०, २०२६ को दिन । सन् १९४५ मा जापानी साम्राज्यवादलाई परास्त गरी कोरिया जापानी उपनिवेशवादबाट मुक्त भएपछि सेप्टेम्बर ९, १९४८ मा महान् नेता किम इल सङको नेतृत्वमा औपचारिक रूपमा प्रजग कोरियाको स्थापना गरिएको थियो ।

*तस्बिर : केसिएनए*

# समाजले होस पुऱ्याउनुपर्ने विषय

देश होस् वा विदेश, सहर होस् वा जिल्ला र गाउँ, जहाँ होस् ठुलठुला प्राकृतिक प्रकोप (बाढी-पहिरो, भूकम्प, आँधीबेहरी), कोरोनाजस्तै रोगव्याधिको बेला अनेक सरकारी निकाय र समाज रोकथाम र उद्धारको निम्ति व्यस्त रहन्छन् । त्यस्तै सिंहदरबार अर्थात् विधानपालिका (संसद्), कार्यपालिका ( मन्त्रीमण्डल) र न्यायपालिका वा अदालतहरू ‘मौकामा फाइदा उठाऊ’ भन्दै विदेशको सेवा गर्ने उद्देश्यले विदेशसँग नयाँ-नयाँ गुप्त सम्झौता गरिरहेका हुन्छन् । यस्तो बखत सरकार ठुलठुला ठेक्कापट्टा, नियुक्ति वा अन्य खोटपूर्ण आर्थिक गतिविधि र फैसला एवम् आदेश दिनुलाई ठुलो नैतिक र कानुनी अपराध नभएको ठान्छ । अपराधी र स्वार्थीहरू यस्ता घूस एवम् नातागोता र आ-आफ्ना शासक दलहरूको हितमा काम गर्ने गर्छन् । यसकारण, रातमा साधारण जनता सुते पनि राज्य वा सरकारलाई सुत्ने नैतिक अधिकार हुँदैन । प्राकृतिक वा रोगव्याधि र २०८२ को भदौ २३-२४ को विदेशी सहयोगमा राजनैतिक उपद्रवको बेलामा पनि देशको जिम्मा लिएका शासक दल र राज्यका अन्य अङ्गहरू निष्क्रिय रहन मिल्दैनथ्यो । हेर्दा साना समस्याहरू तर परिणाम धेरै ठुलो हुने सम्भावना रहन्छ । उद्धार गरिएका व्यक्तिहरू शारीरिक रूपमा स्वस्थ भएर अस्पतालबाट बिदा लिएर जाने कहाँ, के खाने र कहाँ बस्ने भन्ने समस्याबारे सरकारको छुट्टै संस्थाको बन्दोबस्त गर्नुपर्ने हुन्छ । नत्र मोटर दुर्घटनाबाट बचेर हिँडेको मानिस घर नपुगी अन्तै भौतारी रहेजस्तै सानो र ठुलो सबै प्रकारको दुर्घटनामा परेका मानिसहरू मानसिकरूपले भौतारिरहने सम्भावना छ ।

मौकाको फाइदा लिनेहरूबाट सरकार (प्रदेश सरकार र स्थानीय तहसमेत) तयार रहनुपर्ने हुन्छ । १६ भदौ २०८३ को ‘राजधानी’ को एक समाचारको शीर्षक हो - ‘२ हजार ७२५ रुख काटेर काठ हिनामिना’, ‘स्थानीय सरकारसहित ९ जनाविरुद्ध मुद्दा ।’

१८ भदौको २०८३ कै ‘राजधानी’ को एक समाचारको शीर्षक हो - ‘मन्दिरको जग्गा व्यक्तिको नाममा दर्ता गरेको आरोपमा पाँच जनाविरुद्ध मुद्दा ।’

आरोपित व्यक्तिहरू भैरहवा मालपोत कार्यालयमा तत्कालीन अधिकृत, नायब सुब्बा, खरिदार आदि जिम्मेवार व्यक्तिहरू हुन् । हेर्दा सानो तर समाजमा अपराधको यस्तो रोग फैलिने सम्भावना हुन्छ ।

‘प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको पुरानो हिसाब हरायो’ - ‘अन्नपूर्ण (अर्थतन्त्र)’, २० भदौ, २०८३ ।

‘१० दिनमा साढे ९ अर्ब सङ्कलन’ - ‘अन्नपूर्ण (अर्थतन्त्र)’, २० भदौ, २०८३ ।

यसबाट थाहा हुन्छ - जनताले जनतामा विश्वास गर्न गाह्रो मान्दै छन् । विदेशी र स्वदेशकै प्रतिगामीहरूको सहयोगमा निर्वाचित सांसदहरूसमेत भन्दै छन्, “हामीले कसरी मत पायौँ, हामीलाई नै थाहा छैन ।” दोष सबै ‘जेनजी’ वा ‘नयाँ पुस्ता’ लाई दिएर हिजोका वर्षौंदेखि कार्यरत ‘विदेशी गैरसरकारी संस्थाहरू’, ‘विदेशी नागरिकता पाएका नेपालीहरूको सङ्घ संस्थाहरू’, राणाकालमा बेलायतलाई गाउँ-गाउँका युवाहरूलाई लैजाने गल्लावालाजस्तै आजका ‘पैसा खाएर नेपाली युवायुवतीहरूलाई सस्तो ज्यामी पठाउने म्यानपावर कम्पनीहरूका ठुला र दुवैतिर रकम हसुर्ने हाकिमहरू’ केही वर्षदेखि सक्रिय छन् ।

*बाँकी पृष्ठ ८ मा*

# कार्की आयोगको प्रतिवेदन सार सङ्क्षेप - ११३

**राष्ट्रिय अनुसन्धान विभागको अनभिज्ञता**

राष्ट्रिय अनुसन्धान विभागलाई यी सञ्जालमा व्यक्त गरिएका मसेजको बारेमा विशेष जानकारी थिएन । राष्ट्रिय अनुसन्धान विभागले युवा वर्गमा बढ्दै गएको संस्थापनविरोधी भावनाको कुनै विश्लेषण नगरेको देखिन्छ । न त सरकारका अन्य तालुक निकायले सो सम्बन्धमा कुनै अध्ययन/अनुसन्धान गरेको देखिन्छ ।

भदौ २३ गते प्रदर्शन कार्यक्रम आह्वान गर्ने र त्यसका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौँका प्रमुख जिल्ला अधिकारीबाट स्वीकृति प्राप्त गर्ने जीएनजेडमध्येका तीन ग्रुपले प्रदर्शन शान्तिपूर्ण हुने भनिएकोमा प्रदर्शन सुरूमा शान्तिपूर्ण रूपमा सुरू भई केही समयपछि उग्र हुन थालेको देखिन्छ । प्रदर्शन यसरी उग्र हुन्छ भन्ने विषयमा न त आयोजकमध्येका कसैलाई कुनै आभास थियो न त सरकारका सुरक्षा निकायलाई नै कुनै जानकारी थियो । भदौ २३ गते राजधानीको अवस्था शान्तिपूर्ण हुन्छ भन्ने पूर्वअनुमानकै भरमा उक्त दिन सङ्घीय संसद् भवनमा राष्ट्रिय सभाको बैठक बस्ने गरी कार्यसूची रहेको तथा राष्ट्रिय सभागृहको कार्यक्रममा राष्ट्रपतिको उपस्थिति रहेको थियो भन्ने प्रहरी अधिकृतहरूको आकलन रहेको देखिन्छ ।

भदौ २२ गते साँझ प्रधानमन्त्री निवास बालुवाटारमा राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसेको थियो । बैठकमा राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरीलगायतका सबै सुरक्षा निकायका प्रमुखहरूबाट भदौ २३ गते जेनजीहरूले शान्तिपूर्वक प्रदर्शन गर्नेबारे जानकारी गराएका थिए । उक्त प्रदर्शनमा हुनसक्ने सम्भावित हिंसाबारे जानकारी गराइएको थिएन । केही गुप्तचर रिपोर्टमा भने भदौ २३ गते युवा पुस्ताद्वारा आयोजना गरिएको प्रदर्शनको बारेमा शान्तिपूर्ण कार्यक्रमको स्वीकृति लिएर गरिएको प्रदर्शनमा केही उच्छृङ्खल व्यक्तिहरूको घुसपैठ हुनसक्ने र स्थितिलाई उत्तेजक बनाउने प्रयास हुनसक्ने आकलन थियो । तर, सङ्घीय संसद् भवनमा तोडफोड र आगजनी नै हुनसक्ने विश्लेषण गरिएको थिएन भन्ने राष्ट्रिय अनुसन्धान विभागका अधिकारीको भनाइ रहेको छ ।

प्रदर्शनमा निश्चित उमेर समूहका युवा पुस्ता र विद्यार्थीहरूसमेत सहभागी हुने भएकोले संयमित हुन, शान्तिपूर्ण तवरले प्रदर्शन हुने भएकोले आवश्यक सहजीकरण गर्न, सकभर बल प्रयोग नगर्न निर्देशन भएको थियो । तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङबाट निश्चित उमेर समूहका युवा पुस्ता सहभागी हुने भएकोले ‘हेभी डिप्लोएमेन्ट’ नगर्ने र सुरक्षाकर्मी धेरै नदेखाउने तर जनशक्ति नजिकतम् अवस्थितिमा दुरूस्त राख्ने एवम् निषेधित क्षेत्र तोड्ने, सार्वजनिक सम्पत्ति नै तोडफोड र आगजनी गर्ने जस्ता ध्वंसात्मक र हिंसात्मक गतिविधि भएमा कानुनबमोजिम सिलसिलेवार बल प्रयोग गर्ने भन्नेसमेतको निर्देशन प्रहरी महानिरीक्षकबाट मातहतका प्रहरी अधिकारीहरूलाई दिइएको थियो भन्ने व्यहोराको जिल्ला प्रहरी परिसर काठमाडौँका तत्कालीन कार्यालय प्रमुख प्र.ब.उ. हाल प्र.ना.म.नि. विश्व अधिकारीको भनाइ रहेको छ ।

राष्ट्रिय अनुसन्धान विभागको रिपोर्टिङमा भदौ २३ गतेको प्रदर्शनमा तीन हजारदेखि बढीमा पाँच हजारसम्म भेला हुने आकलन गरी सुझाव दिइएको पाइन्छ । सोही सुझावलाई आधार मानी सम्पूर्ण सुरक्षा व्यवस्था अगाडि बढाइएको देखिन्छ, जो यथेष्ट थिएन ।

*बाँकी पृष्ठ ८ मा*

## व्यङ्ग्यचित्र कुनो




# पर्सामा ‘भक्तपुर काण्ड’ को भर्त्सना

पर्सा, २६ भदौ । नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्ने उद्देश्यले पञ्चायतद्वारा रचित षड्यन्त्रमूलक भक्तपुर काण्डको भर्त्सना कार्यक्रम बिहीबार सखुवा पर्सौनीमा भयो ।

कार्यक्रममा नेमकिपा पर्साका संयोजक सरोज साहले नेमकिपा स्थापनाकालदेखि देश र जनताको लागि सङ्घर्ष गर्दै आइरहेको बताउनुभयो ।

नेमकिपाको कार्यशैलीबाट पञ्चायतबाट तर्सेर नेमकिपाका ६७ जना नेता-कार्यकर्तामाथि झूटा ज्यान मुद्दा लगाई नेमकिपालाई नष्ट गर्ने दुस्प्रयास गर्ने पञ्चायत आफै पतन भएको उहाँले बताउनुभयो ।

नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत रहेको स्पष्ट पार्दै समाजवादी राज्य संरचनामा हुने बन्दोबस्तबारे उहाँले बताउनुभयो, “समाजवादी व्यवस्थामा शोषण र भ्रष्टाचार हुनेछैन । नि:शुल्क शिक्षा र स्वास्थ्यको बन्दोबस्त, योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त राज्यले गर्दछ । उत्पादनका मुख्य मुख्य साधन र स्रोत राज्यको नियन्त्रणमा हुन्छ ।”

कार्यक्रममा लक्ष्मी साह, व्रह्मदेवप्रसाद चौधरी, विभेद साहले पनि बोल्नुभएको थियो ।

# देशको अवस्थाबारे उब्जिएको प्रश्न

- सरकारी दलले प्रसूति सेवा नि:शुल्क दाबी गरेको लामो भयो । मातृशिशु सुरक्षाका लागि मात्रै वार्षिक तीन अर्ब रूपैयाँभन्दा बढी सरकारले खर्च गरेको पनि सार्वजनिक भयो । तर, सप्तरीको गजेन्द्रनारायण सिंह अस्पतालमा सुत्केरी गराउन पुगेका बबिता पासवानसँग ३२ सय रूपैयाँ नहुँदा सडकमा बच्चा जन्माउनुपर्ने बाध्यता भयो । स्वास्थ्य सचिवले अस्पतालमा नि:शुल्क सुत्केरी हुने बताएको यही हो ? के यो तराईका नेता गजेन्द्रनारायण सिंहको आत्मामा घात होइन ? रास्वपाका स्वास्थ्यमन्त्री किन बोल्दैनन् ? रास्वपा सरकार र अघिल्ला सरकारहरू एकै ड्याङ्का मूला साबित भएको हो र ? के नेपालको संविधानको धारा ३५ (१) मा प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क पाउने प्रत्याभूति ‘सिंहदरबार जलाउँछौं’ भन्न सक्नेहरूलाई मात्र हो र ?
- रास्वपाका सांसदहरूले प्रतिनिधिसभामा झण्डै दुईतिहाइको आफ्नै पार्टीको सरकारको विरोध गरेपछि के सरकारको नेतृत्व गर्नेले राजीनामा दिनुपर्ने होइन र ?

*बाँकी पृष्ठ २ मा*



गोकर्णेश्वर महादेव गोकर्णमा शुक्रबार बुबाको मुख हेर्ने दिन (कुशे औँसी) का दिन लागेको मेला। *तस्बिर : विजयराम माक/मजदुर दैनिक*

# भोटेकोसी बाढी पीडितलाई महालक्ष्मी स्कूलको सहयोग

काठमाडौँ, २६ भदौ। रसुवा भोटेकोसीमा अकल्पनीय हिम पहिरोको कारणले सिर्जित बाढीका कारण भएको ठूलो धनजनको क्षतिमा महालक्ष्मी विद्यालय परिवार काठमाडौँ तारकेश्वर नगरपालिका- ७ ले गहिरो दुःख व्यक्त गरेको छ। बाढीमा परी असामयिक निधन भएका सम्पूर्ण नेपाली एवम् विदेशी नागरिकप्रति विद्यालय परिवारले हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ।

रसुवा भोटेकोसी बाढी पीडितका सहयोगार्थ विद्यालयका विद्यार्थी, शिक्षक, कर्मचारी एवम् विद्यालयको तर्फबाट रु. १,०९,४६५/- अक्षरेपी एक लाख नौ हजार चार सय पैसट्ठी रूपैयाँ प्रधानमन्त्री उद्धार राहत कोषको Global IME Bank, मनमैजु, लोकतान्त्रिक चोकमा जम्मा गरिएको छ। विद्यालयले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सामुदायिक विद्यालय विकास निर्माण एवम् सामाजिक कार्यमा स्थापनाकालदेखि निरन्तर सहयोग गर्दै आएको छ।

यस दुःखद घडीमा बाढीबाट प्रभावित सम्पूर्ण परिवार तथा समुदायप्रति धैर्य, साहस र शक्ति प्राप्तिको कामना गरिएको छ। घाइतेहरूको शीघ्र स्वास्थ्य लाभ तथा प्रभावित परिवारहरूको सुरक्षित र सहज पुनःस्थापनाको कामना गरिएको छ।

# काठे पुलकै भरमा बेँसीसहर-चामे सडक



लमजुङ, २६ भदौ। लमजुङको बेँसीसहरबाट हिमाली जिल्ला मनाङ जोड्ने बेँसीसहर-चामे सडकमा हाल तीन स्थानमा काठे पुल रहेका छन्। वर्षायाममा खोलामा पानीको मात्रा बढेपछि ती पुलबाट सवारीसाधन सञ्चालन गर्न जोखिम रहन्छ।

डुम्रे-बेँसीसहर-चामे सडक आयोजनाका सूचना अधिकारी नवीन विष्टका अनुसार चामे बजार क्षेत्रमा दुई र स्यार्कु खोलामा एउटा काठे पुल छ। अस्थायी प्रकृतिका यस्ता पुलबाट सवारीसाधन सञ्चालन गर्न समस्या हुने गरेको छ। समस्या समाधानका लागि यस सडकखण्डमा १५ पक्की पुल निर्माणको माग गरिएको थियो।

सूचना अधिकारी विष्टले भन्नुभयो, "पर्याप्त बजेट अभावमा पक्की पुल निर्माण हुन सकेन। पुल निर्माणका लागि आवश्यक डिजाइन तयार पारिएको छ, बजेट आइहाले पनि न्यून आउँछ, त्यसले पुल निर्माणको काम अघि बढाउन सम्भव हुँदैन। यस वर्ष पुलका लागि बजेट नै आएको छैन।"

सूचना अधिकारी विष्टका अनुसार सडकखण्डमा कतिपय स्थानमा ह्युमपाइप राखेर सवारीसाधन सञ्चालन गर्नुपर्ने अवस्था छ। मनाङलाई सडक सञ्जालसँग जोड्ने उद्देश्यले बेँसीसहर-चामे सडक २०५१ सालदेखि निर्माण सुरु भएको थियो। सशस्त्र द्वन्द्वका कारण निर्माण कार्य प्रभावित भएपछि नेपाली सेना २०५७ सालदेखि सडक निर्माणमा सहभागी भएको थियो। सेनाले ६५ किलोमिटर सडक निर्माण गरी २०६९ सालमा सडक विभागलाई हस्तान्तरण गरेको थियो। सडकको ३५ किलोमिटर क्षेत्र लमजुङ र ३० किलोमिटर मनाङतर्फ पर्छ।

"कतिपय स्थानमा बेलिब्रिज तथा पक्की पुल बने पनि बाढीपहिरोबाट क्षति पुगेपछि अस्थायी काठे पुल राख्नुपर्ने अवस्था आएको हो," सूचना अधिकारी विष्टले भन्नुभयो।

विसं २०८० असारमा चामे गाउँपालिका-१ तिमाङ खोलाको काठे पुल र चामे-२ स्थित स्यार्कु खोलाको काठे पुल जीर्ण भएर भाँचिएपछि बेँसीसहर-चामे सडक दुई दिन अवरुद्ध भएको थियो। दुवै पुलमा पुराना काठ हटाएर नयाँ राख्नुपरेको थियो। विसं २०७८ मा पनि तिमाङ छहरामा काठे पुल जीर्ण भएपछि त्यसलाई विस्थापन गर्न स्ल्याब कल्भर्ट निर्माणका लागि १५ दिनसम्म सडक बन्द गर्नुपरेको थियो।

चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेका अनुसार गाउँपालिकाभित्रै चामे बजार बिचमा दुई स्थानमा काठे पुल छन्। काठे पुलमा ठूला सवारीसाधन सञ्चालनमा समस्या हुने गरेको उहाँले बताउनुभयो। "हरेक वर्ष मर्मत गर्दै आएका छौँ," उहाँले भन्नुभयो। काठे पुलका कारण सडक अवरुद्ध हुँदा मनाङवासीले आवतजावतदेखि खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको ढुवानीसम्म समस्या भोग्नुपर्ने अध्यक्ष घलेले बताउनुभयो। *रासस*

# पाठ्यक्रम परिमार्जन : पाठ्यभार घटाउनदेखि एआई समेट्नेसम्मका सुझाव

भक्तपुर, २६ भदौ। 'राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६' परिमार्जनका लागि सातै प्रदेशमा आयोजित कार्यशालाबाट पाठ्यभार घटाउनुपर्ने, शिक्षालाई रोजगार तथा उद्यमशीलतामुखी बनाउनुपर्ने र नयाँ प्रविधिसहित कृत्रिम बौद्धिकता (एआई) लाई पाठ्यक्रममा समेट्नुपर्ने सुझाव प्राप्त भएका छन्।

पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम परिमार्जन प्रयोजनार्थ सातै प्रदेशमा आयोजना गरेको कार्यशालामा सहभागीले वर्तमान पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी र स्थानीय आवश्यकता अनुकूल बनाउनुपर्नेमा जोड दिएका हुन्।

कोसी प्रदेशमा आयोजित छलफलमा सहभागीले शिक्षालाई स्थानीय उत्पादनसँग जोड्दै स्वरोजगार र उद्यमशीलतामुखी बनाउनुपर्ने, सिकाइलाई विद्यार्थीकेन्द्रित, सिर्जनात्मक, प्रयोगात्मक तथा प्रविधिमैत्री बनाउनुपर्ने सुझाव दिएका छन्।

सहभागीले प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारसँगै देशप्रेम, नैतिकता तथा परम्परागत भाषा, लिपि र संस्कृतिको संरक्षण हुने किसिमको शिक्षा आवश्यक रहेको बताएका छन्। पाठ्यक्रमलाई लचिलो बनाउँदै निर्माण र कार्यान्वयनको केही जिम्मेवारी विद्यालय तथा शिक्षकलाई दिनुपर्ने सुझाव प्राप्त भएको छ।

मधेस प्रदेशमा पाठ्यक्रमको विषयवस्तु तथा पाठ्यभार घटाउनुपर्ने विषय प्रमुख रूपमा उठेको छ। पर्यटन, कृषिलगायत स्थानीय तथा सम्भावनायुक्त क्षेत्रसँग सम्बन्धित ज्ञान र सीप पाठ्यक्रममा समावेश गर्नुपर्ने सहभागीको सुझाव छ। प्रविधिसम्बन्धी विषयवस्तुलाई परिमार्जन गर्दै एआईसम्बन्धी ज्ञानलाई पाठ्यक्रममा समेट्नुपर्ने सहभागीको माग छ।

यस्तै, नैतिक तथा आध्यात्मिक शिक्षा, सामाजिक कार्यमा विद्यार्थीको सहभागितामार्फत मूल्याङ्कन, शिक्षकलाई पाठ्यक्रम विकासमा सहभागी गराउने र शिक्षकको क्षमता विकासलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन्। मातृभाषा, नेपाली र अङ्ग्रेजी भाषामा विद्यार्थीलाई दक्ष बनाउनुपर्ने तथा रैथाने ज्ञान र सीपमार्फत रोजगारी सृजना हुने विषयवस्तु समावेश गर्नुपर्ने सुझाव दिइएको छ।

त्यस्तै, प्रधानाध्यापकलाई प्रशासकभन्दा शैक्षिक नेताका रूपमा विकास गर्नुपर्ने, स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय तहलाई अधिकार दिनुपर्ने, विद्यार्थीका लागि मनोसामाजिक परामर्शको व्यवस्था गर्नुपर्ने र अभिभावक शिक्षामा जोड दिनुपर्ने उल्लेख छ।

बागमती प्रदेशमा उद्यमशीलता तथा रोजगारउन्मुख शिक्षा, अनिवार्य अभिभावक शिक्षा, नैतिक शिक्षा तथा स्थानीय ज्ञान, सीप र संस्कृतिको प्रवर्द्धन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

गण्डकी प्रदेशका सहभागीले शिक्षालाई व्यावहारिक, जीवनोपयोगी, सीपमूलक तथा रोजगारमुखी बनाउनुपर्ने बताएका छन्। पूर्वव्यावसायिक, कृषि तथा प्राविधिक शिक्षामार्फत आत्मनिर्भर र दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने तथा स्थानीय भूगोल, इतिहास, कला, संस्कृति र विविधतालाई पाठ्यक्रममा समेट्नुपर्ने सुझाव छ।

लुम्बिनी प्रदेशका सहभागीले पाठ्यभार तथा विषयवस्तु बढी भएकाले घटाउनुपर्ने, देशप्रेमको भावना विकास गर्ने किसिमको पाठ्यक्रम निर्माण गर्नुपर्ने र एआईको प्रयोगमार्फत सिर्जनात्मकता विकास गर्नुपर्ने सुझाव दिएका छन्। उनीहरूले युवालाई विदेश पलायन हुन बाध्य बनाउनेभन्दा स्वदेशमै आत्मनिर्भर र रोजगारी सृजना गर्न सक्षम बनाउने पाठ्यक्रम आवश्यक रहेको बताएका छन्।

कर्णाली प्रदेशमा प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय संरचनामा दुई वर्षको अवधिमा ल्याउनुपर्ने, पाठ्यक्रमको वास्तविक कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउनुपर्ने र बारम्बार हुने पाठ्यक्रम परिवर्तनले सृजना गरेको अन्योल अन्त्य गर्नुपर्नेमा जोड दिइएको छ। शिक्षकलाई विभिन्न पक्षबाट आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेमा सहभागीले आफ्नो मत राखेका छन्।

सुदूरपश्चिम प्रदेशमा सामाजिक विकास मन्त्रालय प्याब्सन सुदूरपश्चिमले धनगढीमा कार्यक्रम सञ्चालन गरेको भए पनि छलफलबाट प्राप्त मुख्य सुझावको विवरण उपलब्ध गराइएको छैन।

शिक्षा तथा खेलकुद मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी तथा प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलले सातै प्रदेशका २८ जिल्लाबाट सरोकारवालाको सुझाव तथा पृष्ठपोषण सङ्कलन गरेको हो। विभिन्न जिल्लामा पुगेर शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, अभिभावक, विज्ञ, नीतिनिर्माता, स्थानीय तह तथा अन्य सरोकारवालासँग प्रत्यक्ष अन्तर्क्रिया गरिएको छ।

पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीका अनुसार पहिलो चरणमा २८ जिल्लाबाट सुझाव सङ्कलन गरिनेछ। त्यसपछि ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइबाट सुझाव लिइनेछ। यस्तै, केन्द्रको वेबसाइटमार्फत सुझाव प्राप्त गरिनेछ।

सातै प्रदेशका कार्यशालाबाट प्राप्त सुझावमा राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई स्थानीय आवश्यकता, रोजगारी, उद्यमशीलता, प्रविधि, नैतिकता र जीवनोपयोगी सीपसँग जोड्दै पाठ्यभार कम गर्नुपर्ने उल्लेख छ। प्राप्त सुझावका आधारमा पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को परिमार्जनका लागि आवश्यक प्रक्रिया अघि बढाउने जनाएको छ। *रासस*

# सूचना प्रविधिमा विदेशी लगानीकर्ताको आकर्षण

काठमाडौँ, २६ भदौ। मुलुकमा पछिल्लो समय सूचना प्रविधिका क्षेत्रमा वैदेशिक लगानीकर्ताको आकर्षण बढेको पाइएको छ।

उद्योग विभागका अनुसार आर्थिक वर्ष २०८२/८३ मा विदेशी उद्योगी तथा लगानीकर्ताबाट रु. ५८ अर्ब वैदेशिक लगानीको प्रतिबद्धता प्राप्त भएको छ।

आव २०८२/८३ मा विभिन्न एक हजार ११६ परियोजनाका लागि वैदेशिक लगानीको प्रतिबद्धता आएकोमा सूचना प्रविधितर्फ मात्रै ७२७ परियोजना रहेका छन्। उत्पादनमूलक क्षेत्रमा ६३, ऊर्जामूलकमा चार, कृषिमूलकमा १८, पर्यटनमा २२७, खनिजमा चार, सेवामूलकमा ७१ र पूर्वाधारमूलक क्षेत्रमा दुई परियोजनाका लागि लगानी प्रतिबद्धता आएको छ।

आव २०८१/८२ मा विभिन्न ८४२ परियोजनाका लागि रु. ६४ अर्ब वैदेशिक लगानीको प्रतिबद्धता प्राप्त भएको थियो। राजनीतिक स्थायित्व, लगानीको सुरक्षा र सरल नीतिगत व्यवस्थाका कारण वैदेशिक लगानीको प्रतिबद्धता बढेको जनाइएको छ। *रासस*

*देशको....*

रास्वपाका महामन्त्री एवम् सांसद विपिनकुमार आचार्यले भने, "संसद भवन र सिंहदरबारको पुनःनिर्माण गति ढिलो गर्ने सरकार (रास्वपा) सँग रसुवा र नुवाकोटका हिमपहिरो पीडित जनताले खोज, उद्धार, राहत र पुनःस्थापनाको विश्वास कसरी गर्ने ?"

- रास्वपाका सांसद अमरेशकुमार सिंहले प्रधानमन्त्रीका सल्लाहकार मन्त्रीसरहको तलब सुविधा लिएर लुकेर भारतीय जासुस भेट्न गएको दाबी गरे। रास्वपाकी अर्की सांसद समीक्षा बास्कोटाले सरकारले जेनजी आन्दोलनका सहिद र घाइतेको सपना नबुझेको आरोप लगाइन्। भदौ २३ र २४ गते जेनजी आन्दोलन जुन रूपमा अघि बढ्यो, त्यही मार्गचित्रअनुसार काम हुँदै आएको पुष्टि भइरहेको होइन र ? किनभने जेनजी आन्दोलन NED, IRI, BARBARA, TOB, SFT, AYC, ACC को संलग्नतामा भएको हुँदा परिणाम पनि यसरी नै आउनु स्वाभाविक होइन र ? प्रमुख प्रतिपक्षीले आफ्नो भूमिका प्रभावकारी नबनाउँदा अहिले रास्वपाले केही सांसदलाई प्रतिपक्षीको भूमिका निर्वाह गर्न लगाएको त होइन ?

## सङ्क्षिप्त समाचार

# बाढी प्रभावित क्षेत्रमा थप विशेषज्ञ चिकित्सक टोली जाँदै

काठमाडौँ, २६ भदौ । भोटेकोसी बाढी प्रभावित क्षेत्रमा थप विशेषज्ञ चिकित्सकको टोली खटाइएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले बाढी प्रभावित क्षेत्रमा परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल र कान्ति बाल अस्पतालका विशेषज्ञ चिकित्सकसहितको टोली नुवाकोट पठाउन लागेको हो । भोटेकोसी बाढीबाट प्रभावित क्षेत्रमा मातृ तथा बाल स्वास्थ्य सेवा थप प्रभावकारी बनाउन विशेषज्ञ चिकित्सकसहितको थप टोली शुक्रबार नुवाकोट जाने भएको हो ।

प्रभावित क्षेत्रमा स्वास्थ्य टोली परिचालन भई सेवा दिइरहेको भए पनि मातृ तथा नवजात शिशु, बालबालिका तथा प्रजनन स्वास्थ्यसम्बन्धी विशेषज्ञ सेवा थप आवश्यकता देखिएको मन्त्रालयले जनाएको छ । टोलीमा कान्ति बाल अस्पतालकी बालरोग विशेषज्ञ डा. बिना प्रजापति, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा. हरिकुमार श्रेष्ठ र डा. श्रीराम खड्का रहनुभएको छ ।

टोलीले नुवाकोट र रसुवाका बाढी प्रभावित क्षेत्रमा पुगेर आवश्यकताअनुसार मातृ तथा नवजात शिशु, बालबालिका र प्रजनन स्वास्थ्यसम्बन्धी विशेषज्ञ सेवा प्रदान गर्नेछ । टोलीसँग आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीसमेत पठाइने मन्त्रालयले जनाएको छ । **रासस**

# भक्तपुरमा ६० ग्यास सिलिन्डर जफत गरी सर्वसाधारणलाई वितरण

भक्तपुर, २५ भदौ । जिल्ला प्रशासन कार्यालयले मध्यपुर थिमिस्थित मध्यपुर ब्याङ्क्वेटमा राखिएका ६० वटा ग्यास सिलिन्डर सर्वसाधारणलाई वितरण गरेको छ । प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काको नेतृत्वमा बिहीबार साँझको अनुगमनमा ती सिलिन्डर सर्वसाधारणलाई वितरण गरिएको हो । ब्याङ्क्वेट सञ्चालकले असोजमा पार्टी प्यालेसमा धेरै भोज हुने भएकाले आफूले चितवन पुगेर बिहीबार मात्र ग्यास ल्याएको जानकारी दिँदै स्थानीय प्रशासनको अनुरोधमा आवश्यक परेकालाई ग्यास वितरण गरिएको जानकारी दिनुभयो । यसैबिच, जिल्ला प्रहरीले ग्यास कालोबजारी गरेको अभियोगमा दुई जनालाई पक्राउ गरेको छ । भक्तपुर नगरपालिका-२ इटाछेंबाट १४ वटा सगर ग्यास सिलिन्डरसहित ४१ वर्षीय राजेश कर्माचार्य र सूर्यविनायक नगरपालिका-३ ब्रह्मनगरस्थित सर्लाही जनरल स्टोरका सञ्चालक २५ वर्षीय उमेश साहलाई पक्राउ गरिएको छ । सर्लाहीको बरहथवा नगरपालिका-७ का साहले प्रतिसिलिन्डर रु. दुई हजार ८०० मा बिक्री गर्दै आएको सूचना पाएपछि उनलाई पक्राउ गरिएको हो । निजको पसलबाट ७५ वटा हिमाल ग्यासका सिलिन्डर जफत गरिएको छ । **रासस**

## लघु कथा

# सांस्कृतिक स्तर

✍ **निसान**

ऊ पर हेर्नुस् त ! दाइ एकजना युवासँगै यता माथितिर आउँदै हुनुहुन्छ । उहाँ सायद बजारको बाटो कति सफा सुन्दर छ ? पाटी, मन्दिर, ढुङ्गेधारा आदि पनि सफा, सुन्दर छ कि छैन भनेर बिहानदेखि हेर्न आउनुभएको होला । सधैँझैं बिहान घुमेर पाटीमा आराम गर्दै पत्रिका हेर्दै बसिरहेका टोलका अग्रजहरूमध्ये उहाँलाई पहिला देख्ने किसलालले सबैलाई त्यतातिर ध्यान आकर्षण गरे ।

किसलालको ध्यानाकर्षणपछि अग्रज आसलालले पनि हेरे र भने, "ए हो रहेछ ! उहाँ त एक पन्ध दो काज भनेभैँ एकाबिहान सबैरै स्वच्छ हावामा मर्निङ वाक गरेर शारीरिक कसरत गर्न आउनुभएको होला । सम्पदाको अवस्था र जनताको सांस्कृतिक स्तर कति माथि उठ्यो भनेर पनि हेर्न आउनुभएको होला, तर टोलका हाम्रा अग्रज साथीहरू, युवाहरू बुढो मन लिएर पाटीमा बसेर दिन काट्दै हुनुहुन्छ । शरिरले दिएको जति परिवार, समाज, देशको लागि हल्का काम गरि दिनुभएको भए राम्रो हुन्थ्यो । यसले दिल खुस, मन खुस भनेभैँ हाम्रो तन, मन सबै युवा भइरहन्छ, हो कि होइन किसलाल ? त्यस्ता विचार भएका अग्रजहरू टोलको सम्पदा जीर्णोद्धारमा श्रमदान, मन्दिर परिसर, आफू बस्ने पाटी दैनिकजसो बढारेर सफा गर्नुहुन्छ ।

दुवै किसलाल र आसलालको कुरा सुनेपछि विसलालले भने, "दाइ शालीन, हँसिलो, हर्ताकर्ता, युवाजस्तो हुँदैन त । त्यो भनेको उहाँले लिनुभएको विचार, आदर्श र व्यवहारको नि:स्वार्थ देश र जनताको सेवा हो । मानिस युवा विचारले हुन्छ उमेरले हुँदैन त्यसै भनेको हो र ? मान्छे उमेरले युवा तर विचारले बुढो, दुषित भयो भने तुरुन्त बुढो देखिन्छ । अब हामी सबै स्वार्थी मनका भयौं । आफूलाई फाइदा नभई यताको सिन्को उता पनि राख्दैनौं । समाज, देशलाई जेसुकै होस् आफूलाई फाइदा भयो भने जे पनि गर्न पछि पर्दैनौं । खालि कुराले धर्म, सेवाको गर्छौं । तर, व्यवहार भने पापको गर्छौं । जनताले दु:ख पाएको, यहाँका विभीषणहरूलाई प्रयोग गरेर देश विदेशीले सिध्याउन लागेको हामी देख्दैनौं, मतलब गर्दैनौं । हाम्रो सम्पदा, देश बनाउने, जोगाउने भनेको हामीले नै हो । दाइको विचारले नै जनताको साथ र सहयोगले नै यो बाटो, मठ, मन्दिर, विद्यालय, कलेज, अस्पताल बनेको होइन र !? हाम्रा सन्तानले पढ्न पाएका र हामीले त्यो सुविधा उपभोग गर्न पाएका होइनौं र ! नत्र देश कसरी बन्छ ? कसरी जोगिन्छ ?" उहाँजस्ता शालीन, लडाकु, नि:स्वार्थी, इमानदार, देशभक्त नेता, शासक दलका नेता, दल अनि जनता भइदिएको भए नि:स्वार्थरूपले आफ्नो गाउँ, ठाउँ आफैले त्यही बसेर बनाएको र सन्तुलित विकास गरेको भए देश उहीँ बेला बनिसक्थ्यो । विदेशीसँग हात फैलाउन, विदेशीले हामीलाई हेप्न, मिच्न आँट गर्न सक्ने थिएन, हो कि होइन किसलाल, आसलाल ?"

दाइ पनि अगाडि आउनुभयो, सबैले नमस्कार गरे । दाइले पनि हँसिलो मुद्रामा नमस्कार गर्दै सबै सञ्चै हुनुहुन्छ भन्दै गन्तव्यतिर जानुभयो भने अग्रज साथीहरू पनि पत्रिका पढ्न, समाज, देश, विदेशको विषयमा पुन: छलफल गर्न थाले ।



भोटेकोसी हुँदै त्रिशुली नदीमा आएको बाढीको कारण हराइरहेका नागरिकको खोज तथा उद्धारका लागि शुक्रबार त्रिशुली नदी किनारका क्षेत्रमा खटिएका नेपाली सेना । नेपाली सेनासहित संयुक्त सुरक्षा फौजमार्फत नदी किनारको विभिन्न ३० स्थानमा परिचालन भएर खोज तथा उद्धार कार्य भइरहेको छ ।

*तस्बिर : रामहरि न्यौपाने/रासस*

# देवीघाटमा सेनाले बनायो पाँच दिनमा एक्रोब्रिज

नुवाकोट, २५ भदौ । यही भदौ १० गते भोटेकोसी नदीमा आएको बाढीले नुवाकोटको विदुर र बेलकोटगढी नगरपालिका जोड्ने देवीघाटस्थित तादी खोलाको पुल बगायो । बाढीले पुल बगाएसँगै दुई नगरमात्रै नभई नुवाकोट-धादिङ र रसुवागढी जोड्ने 'लाइफलाइन' नै टुट्यो ।

एक्कासी आएको भीषण बाढीले आहात भएका सर्वसाधारण आवतजावत गर्ने पुल नै बगेपछि झनै पीडामा परे । एक ठाउँबाट अर्को ठाउँ आवातजावत गर्ने पुल नै बगेपछि सर्वसाधारणको पीडामा मल्हम लगाउन सरकारले तत्कालै देवीघाटमा एक्रोब्रिज निर्माण गर्ने योजनालाई उच्च प्राथमिकतामा राखेर काम अघि बढायो ।

सरकारको योजनालाई दिनरात नभनी नेपाली सेनाले पाँच दिनमा नै ५७.९ मिटर लम्बाइको एक्रोब्रिज तयार पारेको छ । बिहीबार बेलुकादेखि सबै खालका सवारीसाधन सञ्चालनमा ल्याइएको छ । देवीघाटमा एक्रोब्रिज सञ्चालनमा आएसँगै बाढीले आहत भएका बाढी प्रभावित सर्वसाधारणको मनमा केही हदसम्म भए पनि मल्हमपट्टी लगाउने काम भएको छ ।

नुवाकोटको बेलकोटगढी नगरपालिका-८ जिलिङका सौगात पुडासैनी भोटेकोसी बाढीले मन छियाछिया पारे पनि सरकारले काम थालेको पाँचौं दिनमा देवीघाटमा पुल तयार पारेर केही हदसम्म भए पनि राहतको महसुस गरेको बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "भोटेकोसी बाढीले नजिकै रहेको गाउँघर फर्किन धौधौ भइरहेको थियो । आज नेपाली सेनाले छोटो समयमै पुल तयार पारेपछि बाढीले छियाछिया परेको मनमा केही हदसम्म भए पनि खुसी महसुस भएको छ । देवीघाटमा पुल नहुँदा घुमाउरो बाटो प्रयोग गरेर घर पुग्नै दुईतीन घण्टा लाग्ने गर्थ्यो । तर, अहिले पुल बनेपछि त २५ मिनेटमै घर पुगिन्छ ।"

उहाँमात्रै होइन, बेलकोटगढी नगरपालिका-८ ढुङ्गानेगाउँका मनोज तामाङले पनि पुल बनेपछि आफ्नो घरमा पुग्न निकै सहज भएको बताउनुभयो । उहाँले भन्नुभयो, "भोटेकोसीको बाढीले पुल बगाउँदा सर्वस्व नै गुमाएजस्तो अनुभव भएको थियो । पुल बनेपछि आशा पलाएको छ ।"

नेपाली सेनाका रथी रञ्जित थापाले नेपाली सेनाले दिनरात काम गरेर ७२ घण्टे कार्यअवधिमा नै देवीघाटमा एक्रोब्रिज तयार पारेको बताउनुभयो । "नुवाकोटको विदुर र गल्छीलाई जोड्ने महत्त्वपूर्ण पुल भएकाले पनि ५५ जना प्राविधिक दिनरात खटेर कार्यसम्पन्न गरेका छौं," उहाँले भन्नुभयो ।

देवीघाटमा यही भदौ २० गतेदेखि पुल निर्माण सुरु भएको हो । उहाँले भन्नुभयो, "हामीले काम सुरु गरेको पाँच दिन भए पनि कार्यअवधि भने ७२ घण्टाभन्दा धेरै लागेको छैन । यो पुल बनेसँगै सर्वसाधारण तथा सवारीसाधन गुडाउनका लागि धेरै सहज हुने अपेक्षा गरेका छौं ।"

नेपाली सेनाले प्राविधिक परीक्षण गरेर पुल हस्तान्तरण गरेको हो । विदुर नगरपालिका प्रमुख राजन श्रेष्ठले देवीघाटमा पुल बनेसँगै सर्वसाधारणको जीवनयापनलाई धेरै सहज बनाएको बताउनुभयो । "नेपाली सेनाको अथक प्रयासले छोटो समयमा नै पुल तयार भयो । यो पुल बनेसँगै पृथ्वीराजमार्गसँग टुटेको सम्पर्क जोडिएको छ," उहाँले भन्नुभयो ।

उहाँले नगरपालिकाको तर्फबाट पनि पुल निर्माणमा आवश्यक समन्वय र सहकार्य गरिएको बताउनुभयो । नेपाली सेनाको १४ नं बाहिनी अड्डाअन्तर्गत रहेको ब्रिजिङ युनिटले पुल निर्माण गरेको हो ।

गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक योजना विदुरका योजना प्रमुख कृष्णनाथ ओझाले यसअघि देवीघाटको पुलको ५५ मिटर लम्बाइको 'बक्सगडर' बाढीले भत्काएपछि एक्रोब्रिज राख्न सहज भएको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले थोरै मात्रामा रातोमाटेमा केही कटिङ भइरहेको छ । सो खण्ड पनि शुक्रबारसम्म मर्मतसम्भार गरेर सञ्चालनमा ल्याइसक्छौं ।"

नेपाली सेनाको १४ नं बाहिनी अड्डाका बाहिनीपति जगदीश खड्काले नेपाली सेनाको रणनीतिक जगेडा पुललाई ल्याएर देवीघाटस्थित तादीखोलामा फिटिङ गरी सञ्चालनमा ल्याएको बताउनुभयो । "नेपाली सेनाले एक्रोब्रिज गजुरीमा भण्डारण गरेर राखेको थियो । उहाँले भन्नुभयो, "गजुरीबाट ल्याएर सो पुल फिटिङ गरेर सञ्चालमा ल्याएका हौं ।"

नेपाली सेनाका प्रमुख सेनानी करुणबहादुर थापाले एक्रोब्रिज अमेरिकन प्रविधिमा आधारित भएकाले पनि गुणस्तरीय र धेरै भारवहन क्षमताको रहेको बताउनुभयो । पुलको भारवाहन क्षमता ६० टन छ । **रासस**

# भोटेकोसी बाढी : सामाजिक क्षेत्रको पुनरुत्थानका लागि मात्रै एक खर्ब आवश्यक

**- कमलकुमार बस्नेत**

काठमाडौँ, २६ भदौ । भोटेकोसी बाढीका कारण रु. ६७ अर्ब ८७ करोडबराबरको क्षति भएको छ । त्यसको पुनरुत्थानका लागि रु. एक खर्ब तीन अर्ब ५४ करोड आवश्यक पर्ने आकलन गरिएको छ ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको 'द्रुत क्षति र आवश्यक मूल्याङ्कन (आरडिएनए) प्रतिवेदन' मा बाढीका कारण सात हजार ५७० वटा निजी घर ध्वस्त भएका छन् ।

घर र घरभित्र रहेको सम्पत्ति मूल्याङ्कन गर्दा रु. ६३ अर्ब ८८ करोड ४८ लाखको क्षति भएको छ । त्यसको पुनरुत्थानका लागि रु. ९५ अर्ब ८२ करोड ७२ लाख आवश्यक पर्ने देखिएको छ । बाढीका कारण ४८ वटा सार्वजनिक भवनमा क्षति पुगेको छ । जसमध्ये ३५ वटा पूर्ण रूपमा ध्वस्त भएका छन् भने १३ वटामा आंशिक क्षति पुगेको छ । भवन र भवनभित्र रहेको सम्पत्ति मूल्याङ्कनअनुसार रु. दुई अर्ब ६४ करोड ५९ लाखको क्षति भएको छ । त्यसको पुनर्निर्माणका लागि रु. चार अर्ब २३ करोड आवश्यक पर्ने आकलन छ ।

प्रतिवेदनअनुसार बाढीका कारण १८ वटा विद्यालय प्रभावित भएका छन् । त्यसमध्ये ११ वटा पूर्ण र सात वटामा आंशिक रूपमा क्षति पुगेको छ । भवन र भवनमा रहेका अन्य सम्पत्ति गरी रु. ९३ करोड ७३ लाखको क्षति भएको छ । उक्त क्षेत्रको पुनरुत्थानका लागि रु. दुई अर्ब ३४ करोड आवश्यक पर्नेछ ।

सातवटा स्वास्थ्य सेवा प्रवाह हुने भवन प्रभावित भएका छन् । जसमध्ये चार वटा पूर्ण रूपमा ध्वस्त भएका छन् भने तीन वटामा आंशिक क्षति पुगेको छ । उक्त क्षेत्रमा रु. २३ करोड ६६ लाखको क्षति भएको छ भने पुनरुत्थानका लागि रु. ७८ करोडबराबर आवश्यक छ ।

प्राधिकरणका अनुसार सांस्कृतिक सम्पदामा पनि असर पुगेको छ । त्यसमा ३० वटा सांस्कृतिक र धार्मिक क्षेत्र रहेको प्रारम्भिक अध्ययनले देखाएको छ । जुन रु. १४ करोड ७७ लाख छ । यस क्षेत्रको पुनरुत्थानका लागि रु. ३६ करोड ५९ लाख आवश्यक पर्ने प्रतिवेदनमा उल्लेख छ ।

**सामाजिक क्षेत्रमा यस्तो छ क्षति**

सामाजिक क्षेत्रअन्तर्गतका निजी तथा सार्वजनिक भवन र संरचनामा क्षति पुगेको छ । जसमध्ये २६.९ प्रतिशत निजी भवन (आरसिसी तथा अन्य प्रकार) मा क्षति पुगेको छ । मूल्यका हिसाबले यी भवनमा पुगेको क्षतिको हिस्सा ७३.४ प्रतिशत छ ।

त्यसैगरी, सिमेन्टले बनेका भवन प्रभावितको हिस्सा ४२.५ प्रतिशत छ । मूल्यका हिसाबले यो २०.८ प्रतिशत हो । प्रभावितमध्ये माटोले बनेका भवनको हिस्सा ३०.६ प्रतिशत छ । जसको मूल्यका हिसाबले ५.८ प्रतिशत बराबर छ । बाढीका कारण प्रभावित भन्सार कार्यालयको भवन ४.२ प्रतिशत रहेको भए पनि मूल्यका हिसाबले ३५.४ प्रतिशत हो ।

प्रभावितमध्ये अन्त्येष्टिस्थलको हिस्सा १६.७ प्रतिशत छ । मूल्यका हिसाबले यसमा ४.६ प्रतिशत क्षति भएको छ । धार्मिकस्थलका प्रभावित संरचनाको हिस्सा १२.५ प्रतिशत छ भने मूल्यका हिसाबले ६.५ प्रतिशतबराबर क्षति पुगेको छ । बाढीका कारण प्रभावितमध्ये प्रहरी चौकीका संरचना १०.४ प्रतिशत छन् । जुन मूल्यका हिसाबले ११.३ प्रतिशत हो । सरकारी कार्यालय भवनको हिस्सा १२.५ प्रतिशत छ, जुन मूल्यका हिसाबले ८.८ प्रतिशत हो ।

त्यसैगरी, स्वास्थ्य भवनको हिस्सा ८.३ प्रतिशत छ, जुन मूल्यका हिसाबले पाँच प्रतिशत हो । नेपाली सेनाको प्रभावित संरचनाको हिस्सा ४.२ प्रतिशत छ । जुन मूल्यको हिसाबले ५.९ प्रतिशत हो ।

कारागार भवनतर्फ कुल ४.२ प्रतिशत र मूल्यका हिसाबले पाँच प्रतिशत क्षति पुगेको छ । प्रभावितमध्ये कर्मचारीहलको हिस्सा ४.२ प्रतिशत छ । जुन मूल्यका हिसाबले २.८ प्रतिशत हो । बाढीका कारण प्रभावित संरचनामध्ये खेलकुदसँग सम्बन्धित ४.२ प्रतिशत छन् । जुन मूल्यका हिसाबले १.४ प्रतिशत क्षति भएको छ ।

ज्येष्ठ नागरिक भवन प्रभावित संरचनाको हिस्सा २.१ प्रतिशत छ । जसको मूल्यको हिस्सा ५.१ प्रतिशत छ । प्राधिकरणका अनुसार प्रभावित भवनमध्ये सभाहलको हिस्सा २.१ प्रतिशत छ भने यो मूल्यका हिसाबले ०.६ प्रतिशत हो ।

सरकारी बैङ्क भवन प्रभावित संरचनाको हिस्सा २.१ प्रतिशत र यो मूल्यका हिसाबले १.४ प्रतिशत हो । सामुदायिक भवन प्रभावित संरचनाको हिस्सा २.१ प्रतिशत छ भने मूल्यका हिसाबले ३.६ प्रतिशत हो । त्यस्तै, अन्य भवन प्रभावित संरचनाको ४.२ प्रतिशत र कुल क्षति मूल्यको २.१ प्रतिशत रहेको प्राधिकरणको भनाइ छ । **रासस**

**। सम्पादकीय ।**

# रास्वपा सरकारबाट हिमपहिरो पीडित जनताको पीडा

रास्वपा सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादवले खाना पकाउने ग्यास अभाव हुनुमा ग्यास उद्योग र मन्त्रालयका कर्मचारीहरूको मिलेमतो भएको भदौ २४ गते बोलेपछि रास्वपाले मन्त्री यादवलाई भदौ २५ गते राजीनामा गरायो र सोही दिन साँझ दीपकुमार साहलाई नयाँ मन्त्री नियुक्ति गर्‍यो । के अब खाना पकाउने ग्यास उपभोक्ताको खाली ग्यास सिलिन्डर लाइन अन्त्य होला ?

रास्वपा सरकारका बलियो नेताको संलग्नताबिना मन्त्रालयका कर्मचारी र ग्यास उद्योगको मिलेमतो र ग्यासको अभाव एवम् कालोबजारी हुन नसक्ने भक्तभोगीहरू बताउँछन् । नेपाल आयल निगमको कर्मचारी नियुक्तिदेखि भ्रष्टाचार भइरहेको पनि भुक्तभोगीहरू बताउँछन् । यसकारण, ग्यासको अभाव अस्थायी समाधान मात्र हुने, अन्ततः मूल्यवृद्धि र कालोबजारी नरोकिने बताउनेहरू पनि प्रशस्त भेटिन्छ ।

यतिबेला ग्यास सिलिन्डर अभाव हुनुमा अघिल्ला सरकारहरू पनि दोषी छन् । पञ्चायती सरकारको विरोध गरी ३५ वर्ष यता सरकारमा आएका नेका, एमाले, तत्कालीन माओवादी यतिबेला नेपालको नदीनालाबाट बिजुली उत्पादनलाई प्राथमिकता दिएको भए महँगोमा भारतबाट ग्यास किन्नुपर्ने थिएन । शासक पार्टीका नेताहरू आफ्नो नदी नालाबाट बिजुली निकाल्न भारतीय विस्तारवादसँग डराए । यसको ज्वलन्त उदाहरण एमसीसी सम्झौता हो । यो सम्झौतामा नेपालको बिजुली भारत लैजान नेपालको बुटवलदेखि भारतको गोरखपुरसम्म विद्युत् प्रशारण लाइन निर्माण गर्ने उल्लेख गरियो । अर्थात् संरा अमेरिकी साम्राज्यवादले भारतीय विस्तारवादको स्वार्थमा नेपाललाई एमसीसी सम्झौतामा हस्ताक्षर गरायो ।

भदौ १० गते नेपालको लाङटाङ हिमालको उत्तरपट्टिको हिमपहिरो चीनसँगको सीमा नदी लेन्डेखोलामा खस्यो र सो खोला थुनियो । थुनिएको खोला एक्कासि खुल्दा रसुवाको भोटेकोसी नदीमा भेलबाढी आयो । यसले चीनको केरुङस्थित भन्सार कार्यालयलगायत नेपालको रसुवा, नुवाकोट, धादिङका ७ हजार ७० ओटा स्थानीय बासिन्दाको घर, ६९ किलोमिटर सडक, ३३ ओटा मोटर चल्ने पुल, ५३ ओटा झोलुङ्गे पुल, ४८ ओटा सार्वजनिक भवन, १८ ओटा विद्यालय, ७ ओटा स्वास्थ्य चौकी, ३० ओटा सांस्कृतिक सम्पदा स्थल, १३ ओटा जलविद्युत् आयोजना, १ हजार ८०६ हेक्टर कृषि बाली, १७ ओटा बैङ्कका शाखा, ४८०० व्यापारिक प्रतिष्ठानसमेतको पुनः निर्माण र क्षतिपूर्तिको लागि कुल ७ खर्ब २३ अर्ब ३१ करोड ५२ लाख आवश्यक पर्ने प्रारम्भिक आकलन सार्वजनिक भयो । आगामी ६ महिनाभित्र तत्काल राहत तथा अल्पकालीन पुनर्निर्माणको लागि ८ अर्ब ७३ करोड ५० लाख आवश्यक हुने सार्वजनिक भयो ।

रास्वपा सरकारले चालू आवको लागि तयार गरेको बजेटमा ५ खर्ब बढी घाटा छ । कर्मचारी प्रशासनको लागि ३ खर्ब बढी ऋण लिनुपर्ने रास्वपा सरकारले हिमपहिरो पीडितको लागि ७ खर्बभन्दा बढी बन्दोबस्त गर्ला भनी विश्वास गर्ने आधार छैन । रास्वपा सरकारले संयुक्त राष्ट्र सङ्घको महासभामा माग्दैमा सहयोग आउने अवस्था छैन । पृथ्वीको तापमान बढाउने गरी कार्बन उत्सर्जन गर्ने अमेरिकी साम्राज्यवाद नै यतिबेला ४० खर्ब डलर ऋण बोक्दै छ । संरा अमेरिकी साम्राज्यवादले विश्वमा आफ्नो नेतृत्व र निर्देशन मान्ने देश र त्यहाँको सरकारलाई मात्र सहयोग गर्दै आएको अवस्था नेपाल सरकारले आफ्नो भूअवस्थितिलाई बेवास्ता गरी संरा अमेरिकी साम्राज्यवादको समर्थन गरेका नेपाल अर्को युक्रेन हुने खतरा पनि छ ।

रसुवा भोटेकोसी हिमपहिरो सँगसँगै २१ दिन यता सेयर बजारमा १०० अङ्क ओरालो लाग्यो । संसारमा विकास भइरहेको कृत्रिम बौद्धिकता (एआई) ले प्रलयकारी जोखिम निम्त्याउन सक्ने सार्वजनिक भएलगत्तै सेयर बजार थप ओराले लाग्ने अनुमान पनि सार्वजनिक भयो । अमेरिकी साम्राज्यवादले इरान, प्यालेस्टिन, युक्रेनमा आक्रमण गर्ने वा गराउने काम नरोकेको कारण पनि विश्वकै सेयर बजारमा ओरालो लाग्ने अवस्था छ । क्षणिक सेयर बजार चढे पनि त्यो प्रायोजित हुनेछ ।

# चीनले रणनीतिक दूरदर्शिताका साथ वैश्विक तेललाई जोगाएको छ

✍ फाङ मेङ्क्सु

न्युयोर्क टाइम्सका पूर्व स्तम्भकार म्याक्स फिशरद्वारा जारी गरिएको "चीनले चुपचाप संसारलाई बचायो" शीर्षकको भर्खरैको अन्तर्राष्ट्रिय-ऊर्जा-विश्लेषण भिडियोले विदेशी जनसमुदायको ध्यान खिचेको छ । भिडियोले विश्वव्यापी तेल बजारमा इरान युद्धको प्रभावपछि एक प्रतिकार्य-सहज घटनालाई छर्लङ्ग पार्दछः बजारमा आपूर्ति अभावको डर र वैकल्पिक तेल स्रोतहरूको लागि राष्ट्रहरू बिचको विश्वव्यापी झगडाको बिचमा, चीनले आफ्नो कच्चा तेलको आयात र तेल खपतमा उल्लेख्य कटौती गरेको छ, जसले विश्वव्यापी तेल बजारको लागि अप्रत्याशित जगेडा (बफर) सिर्जना गरेको छ । फिशरका अनुसार यो परिवर्तन एक प्रमुख कारण हो जसमा विश्वव्यापी तेलको मूल्य प्रारम्भमा अनुमान गरिएको थियो ।

विश्वव्यापी ऊर्जा यातायातको लागि रणनीतिक चेकपोइन्टको रूपमा, स्ट्रेट अफ हर्मुजले हालसालै लगातार तनावपूर्ण नेभिगेसन अवस्थाहरू देखेको छ, जसले अन्तर्राष्ट्रिय कच्चा तेलमा जोखिम शुल्क निकै बढाएको छ । ऐतिहासिक बजार तर्कका अनुसार, जब भू-राजनीतिक द्वन्द्वहरूले आपूर्ति चिन्ताहरू उत्पन्न गर्दछ, प्रमुख उपभोक्ता राष्ट्रहरू सामान्यतया तेल किन्न र भण्डारण गर्न हतारिन्छन्, जबकि फराकिलो आपूर्ति-माग अन्तरले तेलको मूल्यलाई बढाउँछ, जसले ऊर्जा लागतमार्फत विश्वव्यापी मुद्रास्फीतिमा जोड गर्दछ ।

मध्यपूर्वमा तनावको हालैको वृद्धिपछि, बजार चिन्ताहरूले तीव्रता पाएको छ कि ऊर्जाको मूल्यमा वृद्धिले विश्वव्यापी आर्थिक पुनरुत्थानलाई पटरीबाट बाहिर उतार्न सक्छ, र "तेलको उच्च दान" को अपेक्षाले उपभोक्ता व्यापार बजारलाई संक्षिप्त रूपमा फैलाएको छ ।

तर, चिनियाँ बजारले भने फरक प्रतिक्रिया दिएको छ । घरेलु रिफाइनिङ र पेट्रोकेमिकल कम्पनीहरूले बजारको अवस्था अनुरूप आफ्नो उत्पादन तालिका समायोजन गरेका छन्, लचिलो र व्यवस्थित रूपमा उच्च मूल्यको कच्चा तेलको नयाँ खरिदलाई सुस्त बनाएका छन्, जसले गर्दा माग पक्षबाट आयातको वृद्धि दरलाई मध्यस्थता गरिएको छ । उल्लेखनीय संयमकासाथ चीनले कडा विश्वव्यापी आपूर्ति माग सन्तुलनको लागि बफरको रूपमा काम गरेको छ ।

द वाल स्ट्रिट जर्नलको एउटा लेखमा उल्लेख गरिएको छ कि चीनले धेरै कम तेल आयात गरेर विश्व अर्थतन्त्रलाई टेवा दिइरहेको छ । फ्रान्सका ले फिगारोले सन् २००८ को आर्थिक सङ्कटपछि चीनले दोस्रोपटक विश्व अर्थतन्त्रलाई "बचत" गर्न मद्दत गरिरहेको बताए ।

लामो समयदेखि, तेल सङ्कटको विश्वव्यापी प्रतिक्रिया मुख्यतया आपूर्ति पक्षमा केन्द्रित छ, प्रमुख उपभोक्ता राष्ट्रहरू प्रायः निष्क्रिय रूपमा मूल्य उतार-चढाव सहन बाध्य छन् । यद्यपि, यो भर्खरको अनुभवले देखाउँछ कि ठुलो उपभोक्ता बजारले उत्पादन समायोजन र सूची व्यवस्थापनको माध्यमबाट बफरको रूपमा पनि काम गर्न सक्छ, बजार सन्तुलन कायम राख्न महत्त्वपूर्ण शक्ति बन्न सक्छ ।

द्वन्द्व सुरु भएदेखि नै चीनको समुद्री कच्चा तेलको आयातमा भएको नाटकीय कमीले मध्यपूर्वबाट कम मात्राको समायोजनको ठुलो हिस्सा ओगटेको रोयटर्सले उल्लेख गरेको छ । फाइनान्सियल टाइम्सले पनि टिप्पणी गरेको छ कि चीनको घट्दो तेल आयात "विश्व तेल बजारको गतिशीलतालाई पुनः आकार दिने महत्त्वपूर्ण चर" को रूपमा देखा परेको छ ।

किन चीनले प्रवृत्तिलाई रोक्न र फरक प्रक्षेपणको मार्ग अवलमवन गर्न सक्षम भएको छ ? यो विश्वास चीनको रणनीतिक दूरदर्शिताबाट आउँछ । विगतका वर्षहरूमा, जब अन्तर्राष्ट्रिय तेलको मूल्य कम रह्यो, चीनले निरन्तर रूपमा आफ्नो व्यावसायिक कच्चा इन्भेन्ट्री प्रणालीको विकास गर्दै, क्रमशः पर्याप्त भण्डारहरू निर्माण गरेको थियो । तेलको मूल्य वृद्धिको वर्तमान चरणमा, देशको घरेलु बजारले केही उच्च मूल्यको आयातको विकल्पमा पहिले निर्मित भण्डारण प्रयोग गर्नुकोसट्टा व्यावसायिक सूचीमा थप्ने नियमित गतिलाई रोकेको छ ।

यो दृष्टिकोणले चीनको घरेलु रिफाइनिङ र पेट्रोकेमिकल उद्योगहरूको आधारभूत परिचालन आवश्यकताहरू मात्र सुनिश्चित गरेको छैन बरु अन्तर्राष्ट्रिय बजारमा उच्च मूल्यमा आपूर्तिको लागि ठाउँबाट पनि जोगिएको छ, जसले आपूर्ति-माग तनावलाई अझ बढाएको छ । "हातमा अन्न, हृदयमा कुनै त्रास छैन", यो बलियो भण्डार चीनको आयात गति समायोजनमा लचकताको प्रत्यक्ष आधार हो ।



पूर्वी चीनको चियाङसु प्रान्तको यानचेङ सहरको निम्ति स्वच्छ ऊर्जा बिजुली आपूर्ति गर्न समुद्री किनारामा वायु ऊर्जाको पङ्खा तथा सोलार प्यानलहरू । २०२० देखि चीन विश्वकै सबैभन्दा बढी स्वच्छ ऊर्जा उत्पादन र उपभोग गर्ने देश बनेको छ । *तस्बिर : भिसिजी/सिन्ह्वा*

वर्षौंको निरन्तर प्रयासपछि, चीनले कुनै पनि एकल ढुवानी मार्गमा आफ्नो निर्भरता घटाउँदै ब्राजिल र अफ्रिकाजस्ता देशहरू र क्षेत्रहरूमा कच्चा तेल आयात गर्ने आफ्नो स्रोतलाई विविधीकरण गर्न जारी राख्दै सहज र प्रभावकारी व्यावसायिक सूची कारोबार प्रणाली स्थापना गरेको छ । अझ महत्त्वपूर्ण कुरा, बजार उन्मुख रिफाइनिङ र पेट्रोकेमिकल अपरेसनहरू बढ्दो रूपमा परिपक्व भएका छन्, जसले कम्पनीहरूलाई मूल्य र जोखिम सङ्केतहरूमा तुरुन्त प्रतिक्रिया दिन र तदनुसार तिनीहरूको खरिद र उत्पादन योजनाहरू समायोजन गर्न सक्षम पारेको छ । यो विविध र लचिलो ऊर्जा आपूर्ति प्रणालीले चीनलाई भू-राजनीतिक अवरोधहरूको सामना गर्नका लागि ठुलो ठाउँ दिन्छ ।

दीर्घकालीन परिप्रेक्ष्यमा, ऊर्जा बजारको तर्कलाई वास्तवमै पुनः आकार दिने कुरा भनेको हरियो सङ्क्रमण हो जसले निरन्तर गहिराइ र गति प्राप्त गरिरहेको छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार सन् २०२६ को दोस्रो त्रैमासिकमा विद्युतीय सवारी साधनले मात्रै प्रतिदिन १५ लाख ब्यारेल चीनको तेलको मागलाई विस्थापित गरेको छ, जुन बजारको अघिल्लो अपेक्षाभन्दा धेरै हो । चीनको नयाँ ऊर्जाको द्रुतविकासले आफ्नै ऊर्जा परिदृश्यलाई मात्र नभई विश्व ऊर्जा बजारको अन्तर्निहित गतिशीलतालाई पनि परिवर्तन गरिरहेको छ ।

एक पटक अन्तर्राष्ट्रिय उर्जाको मूल्यमा हुने उतारचढावको निष्क्रियतादेखि लिएर विश्व बजारको सन्तुलनमा सक्रिय स्थिरताको शक्ति बन्ने यो परिवर्तनले चीनको ऊर्जा विकासलाई निरन्तरता दिने एक सुसंगत र स्थिर तर्कलाई प्रतिबिम्बित गर्दछः आफ्नै ऊर्जा आपूर्तिलाई दृढताका साथ हातमा राख्दै अनि अनिश्चित बाह्य वातावरणमा नेभिगेट गर्न आफ्नै विकासको निश्चितता प्रयोग गर्दैछ । यो आफैमा, विश्व बजार स्थिरतामा चीनले गरेको सबैभन्दा ठोस र स्थायी योगदान हो ।

*(लेखक पिपुल्स डेलीका रिपोर्टर हुन् । यो लेख मूलतः पिपुल्स डेलीमा प्रकाशित भएको थियो ।)*

**- ग्लोबल टाइम्स**

# तेल सकिँदा के हुन्छ ?

✍ **अल्फ्रेड ब्राउन** (Alfred Browne)



पृथ्वीबाट वायुमण्डलमा फर्कने सूर्यको प्रकाशमा पनि यही कुरा लागू हुन्छ, सूर्यको प्रकाशमा रहेको नदेखिने किरण (Infra-red) मा ऊर्जा बढी न्यानो हुन्छ। यसले पृथ्वीबाट फर्केको प्रकाशलाई वायुमण्डलबाट बाहिर जाने क्रमलाई ढिलो पार्छ, जसले गर्दा वायुमण्डलले ताप सोस्ने सिरकको काम गर्दछ। यस्ता ग्यासहरूमा बाफ एक हो, जसको कारण बादल लागेको रात स्वच्छ रातभन्दा बढी न्यानो हुन्छ। साथै सिमसारमा वनस्पतिहरूलाई कुहाउने किटाणुहरू तथा सबै प्राणीहरूको पाचन प्रणालीबाट उत्पादन हुने मिथेन ग्यास र प्राणीहरूको श्वासप्रश्वास वा यान्त्रिक कारणबाट उत्पादन हुने कार्बनडाइअक्साइडले पनि ताप सोस्ने काम गर्दछ।

यो असर हाम्रो छिमेकी ग्रह शुक्र (Venus) मा राम्ररी देखिन्छ। शुक्रको वायुमण्डल धेरै घना छ र यसले धेरै प्रकाश प्रतिविम्बित गर्दछ। तसर्थ, यसको अक्ष नजिक भए तापनि यसले पृथ्वीको तुलनामा कम सूर्यको प्रकाश पाउँछ। ९९ प्रतिशत कार्बनडाइअक्साइड भएको यसको वायुमण्डलले धेरै ताप सञ्चित गर्ने भएकोले सबै पानी बाफ बनेको हुन्छ। यसले गर्दा सिसाजस्तो तत्त्व पनि पग्लिन सक्दछ। पृथ्वीमा यस्तो हने सम्भावना छैन तर सबै जीवाश्म तेलको उपभोगले कार्बन-डाइअक्साइडको मात्रालाई बढाएर हाम्रो पृथ्वीमा तेल बन्नुभन्दा पहिलेको अवस्थामा पुऱ्याउन सक्दछ। यसले मानवतालाई नै नष्ट गर्न सक्दछ।

हिजोआज वातावरण परिवर्तनलाई लिएर उठेको चासो हाम्रो जीवनमा आइपर्ने असुविधासँग सम्बन्धित छ, मानव जातिको अन्त्यसँग होइन। तसर्थ, यसलाई सुल्झाउने प्रस्तावहरू पनि इन्धनको प्रयोगलाई कम गरेर कार्बन डाइअक्साइडको उत्पादनलाई घटाउने वा ग्यासलाई जमिनमुनि भण्डार गर्ने आदिमा सीमित छ। यसबाहेक मानवीय प्रविधिले यो समस्याबाट बाहिर आउने बाटो खोज्नेछ भन्ने विश्वास कायम छ। के यो सम्भव छ ? के प्रविधिबाट प्राप्त हुने उपलब्धिहरूको कुनै सीमा छैन ? एउटा सीमा छ र त्यो हो - प्रविधिले प्रकृतिको अपरिवर्तनीय नियमहरूलाई मान्नुपर्दछ तथा अर्को एउटा सीमा छ, मानव सभ्यताको ऊर्जाको आवश्यकतालाई पूरा गर्न सो ऊर्जाको पर्याप्त स्रोत हुनु आवश्यक छ।

अहिलेसम्मको धेरैजसो आधुनिक प्रविधि प्राकृतिक नियमहरूमा आधारित छ। तर, मोबाइल फोन र त्यसमा जडित डिजिटल क्यामेरासँगै केहीले प्राकृतिक नियमलाई बुझ्ने मानवीय क्षमताको सीमा निश्चित रहेको तर्क गर्नेछ। आज पश्चिमी सभ्यताको अस्तित्त्वको लागि आवश्यक मात्रामा ऊर्जा रहेको स्रोत एउटै छ, त्यो हो सूर्य। निश्चित मात्रामा रहेको जीवाश्म इन्धनबाट ठोस सौर्य ऊर्जा बनाउने अवस्थामा मानवता नपुगेसम्म पृथ्वीमा रहेको हरेक जीवन, प्राणी र वनस्पति हरेक कुराको लागि सौर्य ऊर्जामा निर्भर रहनेछ। ऊर्जाको अर्को एउटा प्राकृत्तिक स्रोत छ, जुन हाम्रो पृथ्वीभित्र उत्पन्न हुन्छ, जुन जमिनभित्र गहिराइसँगै बढ्ने तापक्रमको लागि जिम्मेवार छ। पृथ्वीलाई विस्फोट हुनबाट रोक्न यो ऊर्जा बाहिर निस्कनु आवश्यक छ। पृथ्वीको सतहसम्म आइपुग्ने यसको ऊर्जा सूर्यको प्रकाशबाट आउने ऊर्जाको १ प्रतिशत छ। तर पनि तातोपानीबाट धेरै ताप प्राप्त हुन्छ, न्यूजिल्याण्डको (तातोपानीको कुण्ड The geysers of New Zealand) यसको उदाहरण हो।

सोभियत सङ्घमा कामछ्त्का (Kamchatka) भन्ने ठाउँमा पृथ्वीको ताप शक्तिबाट चल्ने भूमिगत ऊर्जा केन्द्र बनाउने प्रयास एकपटक भएको थियो। त्यो प्रयासलाई पुनः दोहोऱ्याउने प्रयास भएको छैन, तसर्थ त्यसबाट धेरै लाभ प्राप्त नहुने धेरैको विश्वास छ। यसका साथै परमाणु ऊर्जा पनि बाँकी छ, धेरैका भनाइअनुसार यही हाम्रो भावी उर्जा स्रोत हो। परमाणु ऊर्जाको सिद्धान्त र प्रविधि पृथ्वीमा स्थापित भइसकेको छ। फ्रान्सले आफ्नो धेरै विद्युत् परमाणु ऊर्जाबाटै प्राप्त गर्दछ। पानीका अणुहरू छुट्याउने प्रक्रिया (Electrolysis) बाट प्राप्त हुने हाइड्रोजन ग्यास प्रयोग हुने ब्याट्रीहरूबाट यातायातका साधन चलाउने हो भने यसबाट कार्बनडाइअक्साइडरहित इन्धन प्राप्त हुन सक्दछ। तर, यो प्रक्रियाको एउटा कमजोरी छ, हाइड्रोजन ग्यास प्राप्त गर्नलाई धेरै ऊर्जा चाहिन्छ। यस प्रक्रियामा उत्पादन हुने अर्को तत्त्व, बाफ समुद्रमा पुगेपछि सुरक्षितसाथ बिसर्जन हुनेछ तर विकीरण, रेडियोधर्मी तत्त्व र अन्य प्रदूषणको भने सुरक्षित विर्सजन हुनेछैन। धेरैको लागि यो एउटा नसुल्झिने समस्या हो।

यस्तो केही कमजोरी भए तापनि परमाणु ऊर्जा केन्द्रले राम्ररी काम गर्दछ। तर, यहाँ एउटा प्रश्न पनि उठ्न सक्छ 'कहिलेसम्म र कुन मूल्यमा ?' परमाणुहरू छुटिँदा ऊर्जा उत्पन्न हुन्छ, जसलाई Fission प्रक्रिया भनिन्छ। परमाणु बम यही प्रविधिबाट बन्छ। पृथ्वीमा प्राकृतिक रूपमा पाइने सबै प्रकारका परमाणुहरूमध्ये एउटैमात्र युरेनियम २३५ (U-२३५) ले यस्तो गर्दछ।

विश्वमा युरेनियमको भण्डार झण्डै १० लाख टन छ र प्रतिवर्ष २५ हजार टन युरेनियम उत्खनन गरिन्छ। एउटा साधारण परमाणु ऊर्जा केन्द्र सञ्चालन गर्न यु-२३५ को मात्रालाई ५ गुणा बढाउनुपर्दछ। तथापि उन्नत केन्द्रहरूले युरेनियम र थोरियम (Thorium) जस्ता गऱ्हुङ्गो धातुहरूलाई प्लुटोनियम (Plitonium) जस्तो परमाणु ऊर्जा बनाउन मिल्ने तत्त्वहरूमा परिणत गर्न सक्दछ। यस्ता केही उन्नत केन्द्रहरू परीक्षणको रूपमा केही दशक अगाडि बनाइसकिएको छ र त्यसलाई निरन्तरता दिइएन। त्यस्तो प्रक्रियाबाट उत्पन्न हुने तापले नदीहरूको पानीलाई उमाल्न सक्ने खतरा रहेको बताइएको छ।

बेलायतमा पहिलो व्यवसायिक परमाणु ऊर्जा केन्द्र स्थापना भए तापनि हाल यस्ता केन्द्रहरू बन्द हुँदैछन्। त्यसबाहेक अर्को प्रक्रिया आणविक विभाजन (Fusion) हो जुन आणविक संयोजन (Fission) को ठीकविपरीत छ। यो प्रक्रियामा गऱ्हुङ्गो तत्त्व हल्का तत्त्वहरूमा टुक्रिन्छ र ऊर्जा उत्पादन हुनुको सट्टा हाइड्रोजनका अणुहरू एकापसमा जोडिन्छन् र धेरै ऊर्जा उत्पादन हुन्छ। ताराहरूले यसरी नै ऊर्जा उत्पादन गर्दछ। यो प्रक्रिया सञ्चालन हुन परमाणुहरूबाट इलेक्ट्रोनहरू निक्लेर 'पदार्थको चौथो तत्त्व' वा प्लाज्मा (Plasma) मा परिणत हुनु जरुरी छ। ऊर्जा उत्पन्न हुन प्लाज्मा धेरै बाक्लो र तातो हुनु आवश्यक छ। यस्तो अवस्था ताराहरूको गरुत्वाकर्षण क्षेत्रमा मात्र सम्भव छ। सबभन्दा सरल र उपयोगी प्रतिक्रिया ड्यूटेरियम (Deuterium) र त्रिटियम (Tritiun) को संयोजन हो। यो संयोजनले हिलियम (Helium) तत्त्व बन्छ र अथाह ऊर्जा उत्पन्न हुन्छ।

पानीको ३००० अणुहरू (Molecules) मा एउटामात्र ड्यूटेरियम (Duiterium) हने गर्दछ तथापि एक लिटर पानीमा हुने ड्युटेरियमको मात्राले ३०० लिटर पेट्रोल बराबरको ऊर्जा दिन सक्दछ। एउटा भट्टीमा ट्रिटियम (Tritium) भट्टीको लिथियम (Lithium) घातुबाट बनेको भित्ताबाट प्राप्त हुन्छ। यही ड्युटेरियम र लिथियमको संयोजनबाट ताप-आणविक वा हाइड्रोजन बम बन्दछ। सन् १९६० को दशकमा कुल्हाम (Culham) प्रयोगशालाले जेटा (ZETA-Zero Energy Thermonuclear Apparatus) नामक एउटा यन्त्रले प्राथमिक फ्युजन प्रक्रिया उत्पादन गरेको दावी गऱ्यो। सो दावी झूटो साबित भयो तर सोही समयमा सोभियत वैज्ञानिकहरूले टोकामक (Tokamak) नामक यन्त्र बनायो जसमा चुम्बकको प्रयोग थियो।

त्यसपश्चात् विश्वभर टोकामक परीक्षण सुरु भयो तर सो परीक्षणमा धेरै रकम खर्च हुने भएकोले देशहरूको समूह मिलेर यस परीक्षणमा सहभागी हुन्थे। ४० वर्षपछि तिनीहरू एउटा उपयोगी, ऊर्जा उत्पादन हुने प्रतिक्रियाको आधा चरणसम्म पुगे। दोस्रो प्रणालीमा लेजर (Lasers) किरणलाई इन्धनको ठोस कणहरू दबाउन प्रयोग गरिन्छ। फ्युजन शक्ति सम्भव छ तर तेल सकिनुभन्दा अगाडि यो प्रक्रियामा विश्वास गर्ने सल्लाह उपयुक्त छैन।

सौर्य ऊर्जालाई सिधै विद्युत्मा परिवर्तन गर्ने प्रक्रिया के सम्भव छ ? के हामीले साहारा मरुभूमिलाई प्रकाश ऊर्जा (Photavoltaic cells) ब्याट्रीहरूले ढाक्न सक्छौं ? यस्तो गर्न मिल्ने पदार्थ छ, छ भने यसको मूल्य कति पर्दछ ? सो प्रक्रियाको लागि बाँकी रहेको तेल र यसले दिने सहुलियतलाई मानिसहरू त्याग्न के इच्छुक हुनेछन् ? योभन्दा बढी उपयोगी प्रकृतिको आफ्नै उपाय छ तर यसको प्रक्रिया अलि छिटो हुनुपर्दछ। पराल जस्तो खेर जाने वनस्पति र ऊर्जामा समृद्ध उखुजस्तो वनस्पतिहरूबाट जैब इन्धन बनाउनु उपयोगी हुनेछ।

यसप्रति पनि विभाजित मत छ। वनस्पति प्राणीको खाना हो, जमीनमा मानिसले अन्य प्राणीहरूको तुलनामा धेरै खाना खाइरहेको छ। तथापि मानव जातिको एक उल्लेख्य भागले पर्याप्त खाना पाएको छैन र जीवाश्म ऊर्जा प्रयोग गरेका छैनन्। केही समय अगाडि माल्थस (Malthus) लगायतका व्यक्तिहरू बढ्दो जनसङ्ख्याको कारण विश्वव्यापी रूपमा खाद्यान्न अभाव हुने विश्वास गर्दथे। यस्तो अवस्था आएन तर यस्तो अवस्थालाई रोक्न पनि जीवश्म तेलले ठुलो भूमिका खेलेको छ। वर्षावन (Rain forests) लगायतका धेरै ठाउँमा प्राकृत्तिक वनस्पतिको विनाशसँगै कृषिको काम सुरुभयो तथा आज पनि कृषिले गर्दा तेलको भण्डार घटेको छ।

विश्वमा जनसङ्ख्या तीव्र गतिमा बढिरहेको छ विशेष गरी धेरै खाना खानेहरू। दोस्रो विश्वयुद्धपछि संरा अमेरिकाको जनसङ्ख्यामा दोब्बर वृद्धि भएर झण्डै ३० करोड पुगेको छ तथा ती जनताको खाद्यान्न खपत पनि दोब्बरभन्दा बढी पुगेको छ। विश्वको तेल भण्डार सिध्याउने धनी राष्ट्रहरूले गरिबको भागको खाना पनि उपभोग गरेर मोटरको निम्ति नयाँ इन्धन बनाए विश्वमा धेरै होहल्ला मच्चनेछ। वायु र समुद्री जलशक्ति 'नवीकरणीय' (Renewable) ऊर्जाप्रति पनि धेरै ध्यान दिइँदै आएको छ। तर, त्यसलाई बनाउन पहिले नै सकिन लागेको ऊर्जा स्रोतहरू चाहिन्छ तथा तिनीहरूको सक्षमतालाई लिएर धेरै शङ्का व्याप्त छ। अर्को एउटा अनवीकरणीय (Dwindling) ऊर्जा स्रोत पनि बाँकी छ, त्यो हो कोइला।

मानव सभ्यता आज जति तेलमा निर्भर छ त्योभन्दा कुनै समयमा कोइलामा निर्भर थियो। चीन आज पनि कोइलामा अत्यधिक निर्भर छ र हप्तामा एउटा कोइलाबाट चल्ने ऊर्जा केन्द्र बनाउँदैछ। चीन, रुस हुँदै बेल्जियम, बेलायत र संरा अमेरिकासम्म रहेको कोइला भण्डारको एउटा ठुलो भाग चीनमा छ। कोइला पनि वनस्पतिहरूको कार्बोहाइड्रेट अवशेषहरूवाट प्राप्त हुन्छ। पहिले यो सिमसारमा नरम कालो पदार्थ (Peat) मा परिवर्तन हुन्छ। त्यसपछि यसबाट हाइड्रोजनको मात्रा घट्दै जान्छ र कार्बनको मात्रा बढ्दै जान्छ। कोइलाको सबभन्दा समृद्ध स्रोत एन्थ्रासाइट (Authracite) मा ९८ प्रतिशत कार्बन हुन्छ।

कोइलाको भण्डार अन्तहीन नभए तापनि यसको टिक्ने अवधि छ शताब्दीयौँदेखि लिएर केही हजार वर्षसम्म रहेको अनुमान गरिएको छ। हामीले जथाभावी प्रयोग गऱ्यो भने सो अनुमानित समय झन् घट्नेछ। कोइलाको प्रयोगबाट उत्पन्न हुने कार्बनडाइअक्साइडले वातावरण परिवर्तनमा पर्ने असरसँगै हाम्रो सुविधा र कल्याणमा पनि हस्तक्षेप हुनेछ। एन्थ्रासाइट बन्न २ अरब वर्ष लाग्छ भनिएको छ, तसर्थ चक्रिय प्रक्रियाको रूपमा जीवनको अवधि एउटा भू-गर्भिक सर्वोच्च महादेशीय चक्रको ५० करोड वर्ष भए कोइला सोभन्दा पहिलेको चक्रिय प्रक्रियाहरूमा बनेको र त्यसको उपभोग नभएको हुनुपर्दछ।

भविष्यमा जेसुकै भए तापनि हामीले किफायतपूर्वक प्राकृतिक स्रोतको प्रयोग गर्नुपर्दछ। तसर्थ मानवताको अस्तित्त्व समाजवादमा मात्र सम्भव छ। तापक्रम वृद्धि (Global warming) घटाउनमात्र नभई बाँच्नको लागि पनि हामीले अहिलेको भन्दा धेरै किफायती तरिकाले ऊर्जा प्रयोग गर्नुपर्दछ। सबैको लागि पर्याप्त तर कसैको लागि पनि अधिक नहुने गरी समाज सञ्चालित हुनुपर्दछ, यसबाट थोरै खपत र बढी खुसी प्राप्त हुन्छ। यसको लागि पुँजीवादी अर्थतन्त्र तोडिनुपर्दछ, धेरैलाई ऋणभार बोकाउने वित्तीय सेवालाई अन्त्य गरिनुपर्दछ। किफायती रूपमा इन्धन खर्च गर्नु भनेको कार्यशैलीमा परिवर्तन ल्याउनु हो। काममा जाँदा हिँडेर जानु वा साइकलको प्रयोग गर्नु, निजी गाडी र विमानहरू बन्द हुनु, घरमा सबैको सुविधाको लागि आवश्यक सेवा उपलब्ध हुनु आवश्यक छ तर सेवा बढी हुनुहुँदैन।

सुखी जीवनको लागि जनतालाई आफ्नो संस्कृतिमै असल कुरा खोज्न तथा त्यसलाई प्रशंसा गर्न प्रोत्साहित गर्ने समाज आवश्यक छ। धनी देशहरूमा वस्नेहरूले आफ्नो व्यक्तिगत सम्पन्न जीवन शैलीलाई कम गर्नुपर्दछ। सबै देशको लागि एउटै मापदण्ड हुनुपर्दछ र त्यसलाई सबैले स्वीकार्नुपर्दछ। यो उपाय सबै देशहरू संलग्न सङ्गठनबाट मात्र सम्भव छ। दोस्रो विश्वयुद्धपछि हामीमध्ये केहीले संयुक्त राष्ट्रसङ्घ यस्तो सङ्गठन हुने आशा गरेका थियौं। यसो गर्नको लागि हामीसँग केही दशकमात्र बाँकी छ। तसर्थ, आजै विकल्प खोजौं।

The New Worker
19 January 2007

***- वातावरण : सङ्कट र समाधान***



# ब्रिक्स शिखर सम्मेलनमा भाग लिन पुटिन र सी भारतमा




नयाँदिल्ली, २६ भदौ (एएफपी)। रुसका राष्ट्रपति भ्लादिमिर पुटिन ११ सदस्यीय ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन शुक्रबार भारत आइपुग्नुभएको छ। शनिबारदेखि सुरु हुने सम्मेलनमा मध्यपूर्व र युक्रेन युद्ध, विश्वव्यापी व्यापार अस्थिरता तथा ऊर्जा सुरक्षाका विषयमा छलफल हुने अपेक्षा गरिएको छ।

चीनका राष्ट्रपति सी जिनपिङ पनि सम्मेलनमा सहभागी हुन भारत आउँदै हुनुहुन्छ। सन् २०१९ पछि उहाँको यो पहिलो भारत भ्रमण हो। भारत-चीन सीमामा घातक झडप भएको छ वर्षपछि हुन लागेको भ्रमणलाई दुई देशबिच सम्बन्ध सुधारको महत्त्वपूर्ण प्रयासका रूपमा हेरिएको छ। यद्यपि सीमा विवाद, व्यापार घाटा र रणनीतिक प्रतिस्पर्धाका कारण अविश्वास अझै कायम छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार राष्ट्रपति पुटिनसँग वार्ता गर्नुहुनेछ। रुस भारतको महत्त्वपूर्ण रणनीतिक साझेदार तथा प्रमुख इन्धन आपूर्तिकर्ता रहँदै आएको छ। इरानी राष्ट्रपति मसुद पेजेस्कियानले पनि प्रधानमन्त्री मोदीसँग भेटवार्ता गर्नुहुने अपेक्षा गरिएको छ।

ब्रिक्सको विस्तारसँगै मध्यपूर्वका विषयमा सदस्य राष्ट्रहरूबिच मतभिन्नता बढेको छ। भारतको अब्जर्भर रिसर्च फाउन्डेसनका हर्ष वी पन्तले खाडी क्षेत्रको द्वन्द्व यसपटकको सम्मेलनमा मुख्य विभाजनको विषय बन्न सक्ने बताउनुभयो। क्यापिटल इकोनोमिक्सका सिलान शाहले इरानमा जारी युद्धले विस्तारित ब्रिक्सको एकताको परीक्षा लिने बताउनुभयो।

संयुक्त अरब इमिरेट्सका राष्ट्रपति मोहम्मद बिन जायद अल नाह्यान, साउदी विदेशमन्त्री प्रिन्स फैसल बिन फरहान र इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसी पनि सम्मेलनमा सहभागी हुने अपेक्षा गरिएको छ। भारतले इरान र इजरायलसँगको सम्बन्ध तथा अमेरिकासँगको रणनीतिक साझेदारीलाई सन्तुलनमा राख्दै आएको छ।

**ब्रिक्सका कारण दिल्लीमा ट्राफिक कडाइ**

नयाँदिल्ली, २६ भदौ (एपी)। ब्रिक्स शिखर सम्मेलनका लागि नयाँदिल्लीमा कडा सुरक्षा व्यवस्था लागू गरिएपछि राजधानीका बासिन्दाको दैनिक आवागमन प्रभावित भएको छ। प्रमुख सडकमा ब्यारिकेड, जाँचस्थल र ट्राफिक प्रतिबन्ध लगाइनुका साथै हजारौँ सुरक्षाकर्मी परिचालन गरिएको छ। सरकारले आवागमन सहज बनाउन सार्वजनिक बिदासमेत दिएको छ।

सरकारी कार्यालय, विद्यालय तथा धेरै निजी व्यवसाय बन्द गरिए पनि कार्यालय जाने कर्मचारी, डेलिभरी चालक र दैनिक ज्यालादारीमा काम गर्नेहरूका लागि प्रतिबन्धले समस्या थपेको छ। सडक बन्द तथा मार्ग परिवर्तनका कारण छोटो दूरीको यात्रा पनि लामो बनेको र कतिपय क्षेत्रमा ट्याक्सी भाडा बढेको बासिन्दाले बताएका छन्।

अटोरिक्सा चालक नीरज कुमारले प्रतिबन्धको सबैभन्दा ठूलो असर न्यून आय भएका मानिसलाई परेको बताउनुभयो। "यदि एक किलोमिटरको यात्रा आठ किलोमिटरको चक्करमा परिणत भयो भने हामीले के गर्नुपर्छ ?", उहाँले प्रश्न गर्नुभयो। उहाँले विदेशी प्रतिनिधिका लागि सुरक्षा व्यवस्था गर्दा त्यसको भार सर्वसाधारणमाथि पर्न नहुने बताउनुभयो।

डेलिभरी चालक मोहम्मद एलियासले प्रतिबन्धका कारण काममा पुग्नै कठिन भएको बताउनुभयो। "हामी काममा पुग्यौँ भने पनि ट्राफिकमा फस्नेछौँ। हामी काम गर्न सक्दैनौँ", उहाँले भन्नुभयो।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, चिनियाँ राष्ट्रपति सी जिनपिङ र इरानी राष्ट्रपति मसुद पेजेस्कियानलगायत नेताहरू शिखर सम्मेलनमा सहभागी हुने अपेक्षा गरिएको छ।

ब्रिक्समा अहिले ११ देश सदस्य छन्। समूहले विश्वको करिब आधा जनसङ्ख्या तथा विश्वव्यापी ऊर्जा, स्रोत र आर्थिक उत्पादनको ठूलो हिस्सा प्रतिनिधित्व गर्छ। विकासोन्मुख देशहरूको भूमिका बढाउने उद्देश्यले ब्रिक्सले पश्चिमी नेतृत्वको विश्व व्यवस्थाको विकल्पका रूपमा आफ्नो प्रभाव विस्तार गर्दै आएको छ।

विश्व सङ्क्षेप

## हर्मुजबारे दक्षिण कोरिया–इरानबिच छलफल

सियोल, २६ भदौ (एएफपी)। दक्षिण कोरिया र इरानका विदेशमन्त्रीले शुक्रबार फोनवार्तामार्फत हर्मुज जलडमरुको सुरक्षा तथा मध्यपूर्वको पछिल्लो अवस्थाबारे छलफल गरेका छन्। दक्षिण कोरियाले जलडमरुको सुरक्षामा सम्भावित योगदानबारे मूल्याङ्कन गरिरहेका बेला दुई देशका विदेशमन्त्रीबिच वार्ता भएको हो।

दक्षिण कोरियाली विदेशमन्त्री चो ह्युनले इरानी समकक्षी अब्बास अराघचीको अनुरोधमा वार्ता गर्नुभएको दक्षिण कोरियाको विदेश मन्त्रालयले जनाएको छ। केही दिनअघि इरानले द्वन्द्वमा दक्षिण कोरियाको कुनै पनि सैन्य योगदानले गम्भीर परिणाम निम्त्याउन सक्ने चेतावनी दिएको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मध्यपूर्वको युद्धमा सहयोग गर्न दक्षिण कोरियामाथि दबाब दिँदै आउनुभएको छ। विश्वव्यापी तेल आपूर्तिका लागि महत्त्वपूर्ण हर्मुज जलडमरुको सुरक्षा गर्न सहयोग मागिए पनि सियोलले यसबारे निर्णय गरिसकेको छैन। दक्षिण कोरियाले अवस्थाको मूल्याङ्कन गर्न टोली पठाएको छ।

फेब्रुअरी २८ मा अमेरिका-इरान युद्ध सुरु भएयता हर्मुज जलडमरुबाट हुने व्यापारिक आवागमन लगभग अवरुद्ध हुँदा विश्वव्यापी ऊर्जा बजार प्रभावित भएको छ। सामान्य अवस्थामा उक्त जलडमरुबाट विश्वको करिब पाँचौँ भाग तेल तथा तरलीकृत प्राकृतिक ग्यास निर्यात हुने गर्छ। अमेरिका र इरानबिच वार्ता अवरुद्ध रहेकाले हर्मुजमाथिको नियन्त्रण र सुरक्षा प्रमुख विवादका विषय बनेका छन्।

## सिरियामा असद शासनका नौ पूर्वपाइलट पक्राउ

दमास्कस, २६ भदौ (एएफपी)। सिरियाली अधिकारीहरूले पूर्वराष्ट्रपति बशर अल-असदको शासनकालमा सर्वसाधारणविरुद्ध बमबारीमा संलग्न रहेको आरोपमा तीन जनरलसहित नौ जना पूर्व सैन्य पाइलटलाई लाटाकिया क्षेत्रमा पक्राउ गरेका छन्।

सरकारी समाचार एजेन्सी सानाका अनुसार उनीहरूमाथि विभिन्न क्षेत्रमा युद्ध अपराध गरेको आरोप लगाइएको छ। उनीहरूले गरेको भनिएको हवाई आक्रमणबाट ठूलो सङ्ख्यामा मानिस हताहत हुनुका साथै घर तथा नागरिक पूर्वाधार नष्ट भएको र सर्वसाधारण विस्थापित भएको जनाइएको छ। पक्राउ पर्नेमा जनरल मेनहेल अनवर सालेह, सामी इब्राहिम महमुद र घयात अली रेयलगायत रहेका छन्।

सिरियामा १३ वर्षभन्दा लामो गृहयुद्धका क्रममा पाँच लाखभन्दा बढी मानिसको मृत्यु भएको बताइन्छ। सन् २०२४ को डिसेम्बरमा असद सत्ताच्युत भएपछि नयाँ इस्लामवादी अधिकारीहरूले पूर्वसुरक्षा तथा सैनिक अधिकारीविरुद्ध कारबाही तीव्र पारेका छन्। दर्जनौँ अधिकारी पक्राउ परिसकेका छन् भने उनीहरूमाथि मुद्दासमेत चलाइएको छ।

गत अगस्टमा सिरियाले पूर्वराष्ट्रपति असद, उहाँका भाइ महेर अल-असद तथा पाँच पूर्वसुरक्षा अधिकारीलाई गृहयुद्धका क्रममा भएका अत्याचारमा संलग्न रहेको आरोपमा अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाएको थियो। असद सत्ताच्युत भएपछि रूस भाग्नुभएको थियो र उहाँ हाल त्यहीँ बसिरहनुभएको विश्वास गरिएको छ।

# आसियानसँग सम्बन्ध सुधार्दै म्यान्मा

नोम पेन्ह, २६ भदौ (एपी)। म्यान्माका सैन्य समर्थित सरकारका नेता मिन आङ ह्लाइङले आसियानसँग सम्बन्ध सुधार्ने प्रयास तीव्र पार्नुभएको छ। उहाँले शुक्रबार कम्बोडियाको दुईदिने भ्रमण सुरु गर्नुभएको हो। भ्रमणका क्रममा उहाँले सिनेट अध्यक्ष हुन सेनसहित वरिष्ठ अधिकारीसँग भेटवार्ता गर्ने अपेक्षा गरिएको छ।

सन् २०२१ मा सेनाले आङ सान सुकी नेतृत्वको सरकार अपदस्थ गरेपछि म्यान्मा आसियानमा कूटनीतिक रूपमा अलग भएको थियो। हिंसा अन्त्य, संवाद र मानवीय सहायता अघि बढाउने आसियानको पाँचबुँदे शान्ति योजनामा अपेक्षित प्रगति नभएपछि मिन आङ ह्लाइङलाई आसियानका उच्चस्तरीय बैठकमा सहभागी हुन रोक लगाइएको थियो।

गत अप्रिलमा राष्ट्रपतिको शपथ लिएपछि उहाँले अन्तर्राष्ट्रिय सम्बन्ध सुधार तथा आसियानसँग सामान्य सम्बन्ध पुन:स्थापित गर्ने प्रयास अघि बढाउनुभएको छ। भारत, चीन, लाओस, थाइल्यान्ड, कजाकिस्तान, बेलारुस, रूस र भियतनामको भ्रमण गरिसक्नुभएका उहाँले व्यापार तथा लगानीमार्फत विदेशी पुँजी आकर्षित गर्ने प्रयाससमेत गर्नुभएको छ।

म्यान्मा सङ्कट समाधानमा कम्बोडियाले यसअघि पनि भूमिका खेलेको थियो। सन् २०२२ मा तत्कालीन प्रधानमन्त्री हुन सेनले आसियानको अध्यक्षका रूपमा नेपिताको भ्रमण गरी मिन आङ ह्लाइङसँग भेटवार्ता गर्नुभएको थियो।

तर उहाँको कम्बोडिया भ्रमणको आलोचना भएको छ। खमेर मुभमेन्ट फर डेमोक्रेसीले भ्रमणमार्फत मिन आङ ह्लाइङलाई कूटनीतिक वैधता दिन नहुने बताएको छ। मानव अधिकार संस्था फोर्टिफाइ राइट्सले पनि भ्रमण रद्द गर्न आग्रह गर्दै उहाँलाई पक्राउ गरी अन्तर्राष्ट्रिय फौजदारी अदालतमा बुझाउनसमेत माग गरेको छ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतका अभियोजकले रोहिङ्ग्या मुस्लिमविरुद्ध पश्चिमी म्यान्मामा भएको भनिएको मानवताविरुद्धको अपराधका सम्बन्धमा सन् २०२४ मा मिन आङ ह्लाइङविरुद्ध पक्राउ पुर्जी जारी गर्न अनुरोध गरेका थिए।

# डब्लूएचओबाट साइमा वाजेदको राजीनामा

जेनेभा, २६ भदौ (एएनआई)। बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाकी छोरी साइमा वाजेदले विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को दक्षिणपूर्वी एसिया क्षेत्रीय निर्देशक पदबाट राजीनामा दिनुभएको छ। वित्तीय अनियमितताको आरोपमा अनुसन्धान भइरहेका बेला उहाँले सेप्टेम्बर ९ मा महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयससमक्ष राजीनामा बुझाउनुभएको हो।

डब्लुएचओको क्षेत्रीय समितिले सेप्टेम्बर ८ मा उहाँको नियुक्ति समाप्त गर्न सिफारिस गरेको थियो। उक्त सिफारिस कार्यकारी बोर्डले विचार गर्नुपर्ने थियो। डब्लुएचओले विषयलाई स्थापित प्रक्रिया र नियामक व्यवस्थाअनुसार निष्पक्ष रूपमा अघि बढाइएको जनाएको छ।

वाजेदलाई बङ्गलादेशमा भ्रष्टाचार, धोखाधडी, जालसाजी तथा शक्तिको दुरूपयोगको आरोपमा अनुसन्धान भइरहेको छ। डब्लुएचओले जुलाई २०२५ मा उहाँलाई बेतलबी बिदामा पठाएको थियो भने बङ्गलादेशको भ्रष्टाचारविरोधी आयोगले सोही वर्ष उहाँविरुद्ध मुद्दा दायर गरेको थियो।

सन् २०२३ मा क्षेत्रीय निर्देशकमा निर्वाचित वाजेदले सन् २०२४ को सुरुआतमा पाँचवर्षे कार्यकालका लागि पदभार सम्हाल्नुभएको थियो। राजीनामा पत्रमा उहाँले डब्लुएचओ नेतृत्वप्रति विश्वास नरहेको तथा लामो समय बेतलबी बिदामा राखिँदा आर्थिक कठिनाइमा परेको बताउनुभएको छ। नयाँ क्षेत्रीय निर्देशक नियुक्त नभएसम्म नीलेश बुद्धले कार्यवाहक प्रमुखका रूपमा जिम्मेवारी सम्हाल्नुहुनेछ।

# जासुसीमा एआईको बढ्दो प्रयोग

सान फ्रान्सिस्को, २६ भदौ (एएफपी)। चीन, इरानलगायत देशसँग सम्बन्धित राज्य समर्थित समूहहरूले जातीय अल्पसङ्ख्यक, असन्तुष्ट तथा विदेशमा रहेका विरोधीको निगरानी र जासुसीका लागि कृत्रिम बौद्धिकता (एआई) को प्रयोग बढाउँदै गएको एआई कम्पनी एन्थ्रोपिकले जनाएको छ।

एन्थ्रोपिकले यस वर्ष जनवरीदेखि जुलाईसम्म चीन, इरान र पश्चिम अफ्रिकाबाट सञ्चालित राज्य प्रायोजित निगरानीका कैयौँ अभियान पत्ता लगाएर अवरुद्ध गरेको जनाएको छ। प्रतिवेदनअनुसार हङकङका प्रजातन्त्र समर्थक, केही अल्पसङ्ख्यक समुदाय तथा विदेशमा रहेका इरानी सरकारका विरोधीहरू त्यस्ता निगरानी अभियानको निशानामा परेका छन्।

एउटा घटनामा इरानी समूहले सामाजिक सञ्जालमार्फत मानिसको पहिचान पत्ता लगाउने विधि विकास गरेको थियो भने मालीका राष्ट्रिय सुरक्षा अधिकारीका लागि काम गर्ने ठेकेदारले एन्थ्रोपिकको एआई मोडेल 'क्लाउड' प्रयोग गरी गुप्तचर सूचना सङ्कलनमा सहयोग गर्ने सफ्टवेयर विकास गरेको थियो। एन्थ्रोपिकले हतियार डिजाइन, शङ्कास्पद जैविक अनुसन्धान र डेटिङ ठगीमा एआई प्रयोग गर्ने प्रयाससमेत रोकेको जनाएको छ।

कम्पनीले चिनियाँ एआई कम्पनी मुनसट र डिपसिकले आफ्ना प्रयोगकर्ताका प्रश्नको जवाफ तयार गर्न गोप्य रूपमा क्लाउड प्रयोग गरी प्राप्त तथ्याङ्कबाट आफ्ना एआई मोडेल सुधार गरेको आरोप लगाएको छ। मुनसटले १० दिनमा पाँच हजार ३८० कपटपूर्ण खातामार्फत करिब तीन लाख ग्राहकका अनुरोध एन्थ्रोपिकमा पठाएको दाबी कम्पनीको छ।

एन्थ्रोपिकले केही जैविक हतियारसम्बन्धी अनुसन्धानमा समेत एआई प्रयोग भएको जनाएको छ। त्यस्ता अनुसन्धानमा चिकुनगुनिया, अत्यधिक रोगजनक बर्ड फ्लु, चेचक तथा मङ्कीपक्ससम्बन्धी भाइरस, विष र अन्य विषाक्त पदार्थ समावेश थिए। यद्यपि, अनुसन्धानमा संलग्न वैज्ञानिकहरूको हानिकारक उद्देश्य पुष्टि नभएकाले उनीहरूको पहिचान सार्वजनिक नगरेको कम्पनीले जनाएको छ।

# मौन संवाद

रामचन्द्र एक जिम्मेवार समाजसेवी थिए । उनको सानो परिवारमा एक कमाउने छोरो र बुहारी, दुई स-साना नाति-नातिनी छन् । ५० नाघेकी उनकी जहान पनि एक विद्यालयमा काम गर्छिन् ।

दिउँसो घरमा रामचन्द्र विभिन्न जात र भाषाभाषीका युवाहरूलाई समाजसेवाबारे सम्झाउने, बुझाउने र कक्षा सञ्चालन गर्ने गर्थे । १० बज्नुभन्दा पहिले नै खाना खाएका घर मालिकलाई भोक लाग्नु स्वाभाविक थियो । एक्लै चिया र घरमा पकाएको रोटी वा अन्य केही चिउरा-तरकारी भएको रिकापी एउटा किस्तीमा उनी ल्याउथे र सबै मिलेर खान्थे ।

घरमुलीले खाजा खाएपछि उनले २-४ वटा कप र रिकापीमाथि बुइँगलमा लान्थे र धोई पखाली गरी घोप्ट्याएर हात पुछ्दै पुन: कक्षा सञ्चालन गर्थे । ४ बजेपछि केटाकेटी स्कूलबाट घर फर्कन्थे, बज्यै वा आमाले पनि खाजा तयार गरेर केटाकेटी र पछि सासू-बुहारी पनि खाजा खान्थे । उनको छोरो एक सानो विद्यालयका प्र.अ. थिए । कहिलेकाहीं सासू-बुहारी घर नपुग्दै आफू घर पुग्नासाथ लालाबालासँगै खाजा खान्थे र आमा र पत्नीको निम्ति पनि खाजा तयार गर्थे ।

xxx

समाज सुधारमा कार्यकर्ताहरूलाई सधैँ घरपति र नायकले कप र रिकापी माथि लान दिनु नरमाइलो सम्झेर कुनै एक जना प्रशिक्षार्थीले अगाडि आएर माथि लगिहाल्थ्यो र पुन: कक्षा सञ्चालनमा बस्थ्यो । तर, तिनीहरूमध्ये कसैलाई पनि आफूले खाएको भाँडाकुँडा धोइपखाली गर्नु पनि 'सदाचार' हो भन्ने थाहा थिएन । युवा प्र.अ.लाई चुलोमा पहिले बुबा र कार्यकर्ताहरूको जुठो सफा गर्ने हो वा भोकाएका छोरा छोरीलाई खाजा तयार गर्ने हो भन्नेबारे दुविधा हुन्थ्यो । तैपनि चल्दै थियो - दैनिकी एक समाजसेवीको घरमा ।

तर, एक दिन समाजसेवी कार्यकर्ताले नै म आज चिया बनाउँछु भन्दै माथि उक्ले र खाजा बनाए । भएका दूध, कफी, चिया बनाएर तल ल्याएर खाएपछि अर्को साथीले ती भाँडाकुँडा धोइपखाली ठाउँमा राखेर तल आए । पहिलेका साथीले चिया, कफी र चिनीको भाँडो चम्चा त्यसै अलपत्र राखेर गएका थिए ।

प्र.अ. र केटाकेटी माथि भान्छामा पुग्दा चिनीको बट्टा र चम्चामा झिङ्गा भन्केको र धोई पखाली गर्नुपर्ने जुठोको थुप्रो पहिले सफा गरौं वा केटाकेटीलाई खाजा जोरजाम गरौं भन्ने भयो । सञ्जोगले तल चिया र खाजा लैजाने कार्यकर्ता भाइलाई घरमा परिवारका सदस्य लालाबाला आउने ध्याउनै भएन ।

मन खिन्न बनाउँदै छोराछोरीलाई फकाई तुरुन्तै बजारमा गई खाजा किनेर आफू र लालाबालालाई खुवाए । पछि फेरि पसल गएर आमा र पत्नीको निम्ति थप खाजाको जोरजाम गर्न चुलो बाले ।

तर, रातको खाना खाने बेला छोरो किन खिन्न देखियो भनी बुबालाई केही थाहा भएन । आमा र जहानलाई मात्रै घरको बन्दोबस्त अलि व्यवस्थित गर्नुपर्ने र चुलोमा जोसुकै आएर काम गर्दा सबै लथालिङ्ग हुने कुरो अवगत गराइयो । यसबारे सासू र बुहारी पनि अवगत थिए र कुरा अगाडि बढाइएन ।

xxx

रामचन्द्रलाई सधैँ छोरा, आफ्नी जहान, बुहारी र केटाकेटीसँग खाना खान बानी परेको हुँदा बुइँगलमा केटाकेटीको अभाव र छोरो, जहान र बुहारी पनि कम बोलेको देख्दा उनको मनमा केही चिसो अनुभव त गरेका थिए । तर केही नभनी उनी तल भरे ।

१० बजे सुतेको रामचन्द्रलाई निन्द्रा लागेन । जहान अर्कै कोठामा सुत्ने गर्थिन् । ११ बजे बाथरूमको कोठा खुलेको आवाज छोरा र बुहारीले चाल पाए । १२ बज्यो, फेरि बाथरूमको ढोका खुल्यो र बन्द भयो । १ बज्यो, बाथरूमको कोठा खुल्यो र बन्द भएको आवाज छोरा र बुहारीलाई अनुभव भयो ।

रामचन्द्रको मनमा कुरा खेल्यो । बुहारीले भनिन्, "बुबा खाना खान आउनु हुँदा आज बोल्नु पनि भएन । मुख पनि तपाईंको खिन्न थियो । मैले बोल्ने विषय पनि भएन । आमा पनि बोल्नु भएन । सायद बुबालाई आज निन्द्रा लागेन र मनमा कुरा खेलाउनुभएको जस्तो छ ।"

छोरोले भन्यो, "खोइ मलाई कसैसँग बोल्नै मन लागेन । केटाकटीकै निम्ति भए पनि अर्कै डेरा खोज्नुपर्ने हो कि ? त्यसो गर्नु पनि समाजले राम्रो मान्दैन र खर्च पनि बढ्छ । बुबा-आमालाई कसरी छोडेर जाने !"

"रामचन्द्रले नयाँ युवाहरू माथि चुलोमा खाजा बनाउन गएको, फेरि अर्कै युवा गएर जुठो भाँडाकुँडा लगेको धोई पखाली र सफाइमा त्रुटि पो भयो कि ? हुन्छ, छोरालाई नै कोठामा बोलाएर सोध्नुपर्ला !"

रातको ३ बजेसम्म रामचन्द्रको कोठामा बत्ती बल्दै थियो ।

# नेपाल–रुस सम्बन्धको नालीबेली

✍ सुरेश

संसारमा धेरै सभ्यताले आकाशबाहिर पुग्ने कल्पना गरे । कल्पनाको उडानमा कैयन् काव्य र गद्य लेखे । तर, त्यसलाई साकार पार्न धेरै गर्न सकेनन् । आफ्नै काल्पनिकी भञ्जैमा तिनलाई भ्याइ-नभ्याई भइरह्यो ।

कल्पना त हाम्रा महाकविको पनि थियो । उनले लेखे - उद्देश्य के लिनु, उडी छुनु चन्द्र एक । त्यो कल्पना पूरा गरिदियो - संसारको पहिलो सफल मजदुर-राज्य सोभियत सङ्घले । १९५९ सेप्टेम्बर १२ मा सोभियत सङ्घको लुना-२ यानले पहिलोपल्ट चन्द्र धरातल टेक्यो । त्यसको दुई दिनपछि महाकवि देवकोटाको निधन भयो । रुसकी नेपालविद् ल्युद्मिलाले लेखिन् - "सायद सोभियत अन्तरिक्षयानले महाकविलाई चन्द्रमामा लिएर गयो ।"

मानव कल्पना र विज्ञानको कति मिठो मिलन !

नेपाल र रुसलाई साइबेरियन सारसले जोडेको थियो; प्रकृतिले जोडेको थियो । बुद्ध मूर्तिले जोडेको थियो; 'बहुजन हिताय, बहुजन सुखाय' ले जोडेको थियो । यही बुद्ध-वचनमार्फत बोल्शेभिक क्रान्तिले मध्ययुगीन रुसलाई अन्तरिक्षसम्म पुऱ्यायो । मानव कल्पनालाई आकार दिने अठोट, ज्ञान र आँट देखायो ।

क्रान्तिको फल एक्लै चाख्न चाहेनन् रुसीजनले । त्यसैले उनीहरूले संसारतर्फ ज्ञान-विज्ञानको हात बढाए । नेपालजस्ता तेस्रो विश्वका मुलुकका छोराछोरी पनि डाक्टर, इन्जिनियर र वैज्ञानिक बन्न थाले । यी मुलुक विकास निर्माणको परिपथमा लम्किन थाले । सोही यात्राको आंशिक एवम् सङ्क्षिप्त दस्तावेज हो - 'नेपाल-रुस सम्बन्धका पाटाहरू' । पुस्तकका लेखक ई. रामबिन्दु श्रेष्ठ आफै यो यात्राका अविराम यात्री र साक्षी हुनुहुन्छ ।

**सम्बन्धका अनेक आयाम**

नेपाल-रुस सम्बन्धको आयाम निकै फराकिलो छ ।

प्रकृति र संस्कृतिले धेरै पहिले जोडिसकेको नेपाल र सोभियत रुसबिच औपचारिक दौत्य सम्बन्ध सन् १९५६ मा जोडियो । त्यसको दुई वर्षपछि तत्कालीन राजा महेन्द्र रुसको भ्रमणमा गए । उनको भ्रमण झन्डै एक महिना लम्बियो । महेन्द्रको यो सबैभन्दा लामो विदेश भ्रमण थियो । यसपछि नेपालको विकासमा रुसले धेरै टेवा दियो । नेपालको भौतिक पूर्वाधार, उद्योगधन्दा र जनशक्ति निर्माणमा रुसको योगदान प्रात:स्मरणीय छ । पुस्तकमा नेपाललाई पूर्वदेखि पश्चिमसम्म जोड्ने महेन्द्र राजमार्गमा काम गर्न आएका एक रुसी इन्जिनियर इभान गोन्चारोभको मर्मस्पर्शी संस्मरण पढ्न पाइन्छ ।

साहित्यिक र सांस्कृतिक सम्बन्धले पुस्तकको धेरै पाना भिजेको छ । नेपालमा विदेशी साहित्यको अध्ययनलाई जनस्तरमा लग्ने काम सोभियत साहित्यले नै गऱ्योभन्दा फरक पर्दैन । सयौं रुसी कृतिले नेपाली बौद्धिक वृत्तको निर्माणमा भूमिका खेल्यो । ती पुस्तकको सूची पुस्तकमा समेटिएको छ । अनुवादको यो लहर एकतर्फी रहेन । कैयन् नेपाली पुस्तकको रुसी अनुवाद पनि गरियो । यताका साहित्य र साहित्यकार उता गए । उताका यता आए । यसरी आउने साहित्यकारमा सुप्रसिद्ध कवि रसुल गाम्जातोभ पनि थिए । उनले लेखे :

"जहाँ भिराला पहाडमा बनेका घरहरू
टाँसिएका शङ्खजस्तै देखिन्छन् ।
*एसियाको त्यो चमत्कार हो - नेपाल ।"*

नेपालका महाकवि देवकोटा रुसको ताशकन्दमा गए । सन् १९५४ को अक्टोबरमा । विश्वका ३७ देशका २ सयभन्दा बढी साहित्यकारबिच नेपाली साहित्यको सौरभ फैलाए । उनले भने, "यो सभाले विश्वका लाखौं उत्पीडित जनताका लागि सुनौलो आशा ल्याउनेछ र भविष्यका लागि स्पष्ट मार्गनिर्देशन गर्नेछ । यो भेला हाम्रा अमिट सम्झनाहरूमा सदा जीवित रहनेछ ।"

देवकोटासँग नेपालविद् विदुषी ल्युद्मिलाको सम्बन्ध बौद्धिक मात्र होइन, आत्मीय पनि रह्यो । उनले देवकोटाका धेरै रचनालाई रुसी भाषामा उल्था गरिन् । महाकविको निधनपछि उनले लेखिन्, "देवकोटा प्रतिभाशाली, स्वतन्त्रताप्रेमी, देशभक्त, शब्दशिल्पी, उपनिवेशवादविरोधी र कर्मयोगी नेपाली कवि हुनुहुन्थ्यो । देवकोटा सोभियत सङ्घका मित्र हुनुहुन्थ्यो ।... कवि मर्छ तर उसको रचना अमर हुन्छ । देवकोटाका कविता जीवन्तताका उदाहरण हुन् । देवकोटाजस्ता प्रतिभा राष्ट्रको सीमाभित्र सीमित नभई सर्वत्र अमर हुन्छन् । जनताको हृदयमा अनन्तकालसम्म रहन्छ ।"

पुस्तकमा नेपाल-रुसलाई जोड्ने उल्था जगतका सेतु कृष्णप्रकाश श्रेष्ठको चर्चा छ । लुम्बिनीमा रुसले बनाइदिएको रुसी बौद्ध मन्दिरको निर्माण-कथा छ । विभिन्न स्मारकको वर्णन छ । मैत्री सम्बन्धको बोटलाई हुर्काइरहेका विभिन्न सङ्घ-संस्थाको चर्चा छ । यो सम्बन्धलाई विस्तार गर्न सकिने सम्भावनाको क्षितिज छ ।

**'खोलो तरेर लौरो नबिर्सौं'**

सोभियत रुससँग सम्बन्ध स्थापित गरेर नेपालले आफ्नो तटस्थ परराष्ट्र नीतिको बलियो जग हालेको विद्वान् हिरण्यलाल श्रेष्ठको तर्क छ । राजा महेन्द्रको लामो भ्रमणबाट त्यो तर्क प्रमाणित हुन्छ । त्यो भ्रमणपछि नेपालमा जलविद्युत् आयोजना, कृषिऔजार कारखाना, चिनी कारखाना, कान्ति बाल अस्पताल, राजमार्ग आदिको निर्माणमा रुसले मद्दत गऱ्यो । प्रथम महिला अन्तरिक्षयात्री भ्यालेन्टिना तेरेश्कोभा नेपाल आउनु नेपालका लागि आफैमा गौरवपूर्ण रह्यो ।

खासगरी युक्रेन युद्धपछि पश्चिमा मिडियामा रुसको जसरी चरित्रहत्या हुँदैछ, त्यसबाट नेपालका शासकहरू अप्रभावित नरहेको लेखक श्रेष्ठले यथास्थान सङ्केत गर्नुभएको छ । लेखकको अनुभूति छ, "अरू त अरू, निजी क्षेत्र पनि पश्चिमा दबाबको कारण रुसी कम्पनीहरूसँग खुलारूपमा काम गर्न हिच्किचाइरहेको तथ्यले मुलुकको स्वतन्त्र निर्णय गर्ने क्षमता बिटुलिएको भान हुन्छ ।"

बैगुनीलाई पनि गुनले मार्ने नेपाली संस्कारलाई स्थापित गर्नुपर्नेमा जोड दिँदै लेखक भन्नुहुन्छ, "त्यो युग, जुन बेला मुलुकलाई अशिक्षा, रोग, भोकले गाँजेको थियो र हाम्रा निम्ति शिक्षा, स्वास्थ्य र उद्योग अपरिहार्य थियो, त्यो बेला हामीलाई सहयोग गर्ने सोभियत जनताको सहयोगलाई कसरी बिर्सन सक्छौं ?... 'वसुधैव कुटुम्बकम्' को मूल मन्त्रलाई हामीले बिर्सन मिल्दैन ।"

रुससँग सहकार्य गर्न सकिने विकास-निर्माणका क्षेत्रबारे पुस्तकमा अलग्गै अध्याय दिइएको छ । नेपालमा बर्सेनि हजारौं रुसी पर्यटक आउने गरेका छन् । त्यसको घनत्व बढाउन सकिन्छ । रुसमा नेपाली मसला, जडिबुटी, औषधि, कपडा, गलैंचा आदि निर्यात गर्न सकिने अर्को सम्भावना छ । देशको कृषि, उद्योग, यातायात, सूचना-प्रविधिमा रुसको उन्नत उपकरण, प्रविधि र लगानी ल्याउन सकिन्छ । नेपालमा पूर्व-पश्चिम रेलमार्ग निर्माण गर्ने विषयमा रुसले धेरै अघिदेखि चासो लिएको देखिन्छ । यी सबै सम्भावनालाई फलिभूत पार्न नेपाल तटस्थ परराष्ट्र नीतिमा अडिग रहनुपर्नेमा जोड दिनुहुन्छ लेखक श्रेष्ठ । सन्देश प्रस्ट छ - रुस नेपालको विकास निर्माणको भरपर्दो सारथी बन्न सक्छ ।

*बाँकी पृष्ठ ८ मा*

## कविता

# तेर्सिएको प्रश्न

✍ साहिँला

सहिद योद्धाहरूका
बगेका रगत आलै छन्
खोला तऱ्यो लौरो बिर्स्यो
व्यवहार गर्दै छन् ।

भदौ २४ को वार्षिकसम्म पनि
सहिदहरूको लास बेवारिस
सरकारहरू बेमतलबी
जुँगामा ताउ लाउँदै छन् ।

सहिद परिवारहरू बेहाल
घाइते योद्धाहरूको उही हाल
मान सम्मान के हो ?
सिङ न पुच्छर भएका छन् ।

भस्मासुरहरू भने यहाँ
योगदान नयाँ पुस्ताको भन्दै
फुरफुऱ्याउँदै, उचाल्दै, थचार्दै
अरूको इच्छामा चल्दै छन् ।

विभत्स आगोले जलेको
सम्पदाहरूको खरानी
विभूति भनी घस्दै यहाँ
सारा जनलाई भ्रममा पार्दै छन् ।

सहिद र योद्धाहरूको भावना
रसुवा भोटेकोसीले बगाएझैं
क्षतविक्षत भएको मनमा अब
मलमपट्टी लगाउने कहाँ छन् ?

# यस्तो बुझ्ने कसले

✍ जयन्त पौडेल 'आश्रम'

सात प्रदेश ७७ जिल्लाका
सबका सबले कहिले
हुन खान पाउने होला
भन्या जस्तो गरी ।

तराई मधेस पहाड हिमालका
ती विचरा विचरीहरूले
कस्तो खान पाको नपाको
बुझ्ने फेरि कसले ।

हरे जुनै सरकार आऊन्
हेर्नोस गरेनन् कसैले
तर मुखैले गरे भनी
भन्न कहिले थाक्दैनन् ।

यस्तो देख्दा कहिले त लाग्छ
होइन गाँस बास
अनि त्यो कपासैको चाहना
खोइ कहिले पुग्ला

के यसको दायित्वै सरकारको
होइन कि कसो
नयाँ के लोकतन्त्रै भन्नु
अनि त्यो गणतन्त्रै

यदि यस्तै हो भने
कसरी किन नभन्नु
हामी हौं नेपालका निमुखा
बाँच्नैका लागि बाँचेका ।

# बुबा

✍ मोनिका चाकतु

आमालाई सुन्दर फूल भन्छन् र त्यो फूललाई सम्हाल्ने बुबा हुन्
नौ महिना कोखमा राखी जन्म दिने आमा हुन् र जीवनभर शिरमा सजाउने बुबा हुन्
आमाको काखमा ममताको न्यानोपन छ र बुबाको काँधमा संसारको भरोसा छ
आमाले आँसु पुछेर हाँस्न सिकाइन् र बुबाले लडेर पनि उठ्न सिकाए

आफ्नो काँधमा संसारको भार बोकेर पनि भविष्य सजाउने बुबा हुन्
आफ्ना रहरहरू मनमै लुकाएर पनि हरेक सपना पूरा गर्ने बुबा हुन्
घामले पोल्दा छाया बनेर हुरी चल्दा आड बनेर उभिन्छन्
लड्दा हात समाएर उठाउँछन् डराउँदा साहस बनेर अघि बढाउँछन्

थाकेका ती आँखामा पनि आफ्नो सन्तानको भविष्यको सपना देखिन्छ
पसिनाले भिजेका ती हातमा आफ्नो सन्ततिको सफलताको कथा लेखिन्छ
बुबाको मौनताभित्र मायाका हजारौं शब्द लुकेका छन्
कठोर देखिने त्यो अनुहारभित्र केवल कोमल भाव छन्

तपाईंको हात मेरो शिरमा हुँदा जिन्दगीसँग डर लाग्दैन
तपाईंको साथ मेरो छेउमा हुँदा कुनै बाटो कठिन लाग्दैन
मेरो हरेक खुसीको पछाडि तपाईंको त्याग र पसिना छ
मेरो हरेक सफलताको पछाडि तपाईंको मौन आशीर्वाद छ

तपाईं हुनुहुन्छ र त जीवनमा भरोसा भन्ने शब्दको अर्थ छ
तपाईं हुनुहुन्छ र त लडे पनि फेरि उठ्ने साहस छ
बुबा, तपाईं मेरो जीवनको सबैभन्दा बलियो आधार हुनुहुन्छ
बुबा, तपाईं मेरो जीवनको सबैभन्दा बलियो आधार हुनुहुन्छ ।

# कालो दिन

✍ सूर्जा थापा

भुल्न कहाँ सक्छु र म त्यो कालो दिन
बिनागल्ती सजाय र जेल पाएको दिन
सधैं स्मरण रहनेछ त्यो कालो दिन
ज्यानै लिने षड्यन्त्र रचिएको दिन
आफ्नो पहुँच उच्च राख्न दमन गरिएको दिन
वर्गीय राजनीतिमा हस्तक्षेप गरिएको दिन
सधैं याद रहनेछ त्यो कालो दिन
बिनाकारण दोष देखाई फासी सजाय मागेको दिन

भुल्न कहाँ सक्छु र म त्यो कालो दिन ।
देश र जनताले मुक्ति खोजिरहेको बेला
बिनागल्ती कामरेडहरूले सजाय भोगिरहेको दिन
केही गरे पनि बिर्सन सक्दिनँ त्यो कालो दिन
सधैं स्मरण रहनेछ त्यो कालो दिन
सधैं भदौ ९ गते घोर विरोध रहनेछ
त्यो कालो दिनको घोर आपत्ति रहनेछ
त्यो कालो दिन ।

# नदी सुक्ला अनि तर्छु भनी बस्याको

✍ हीराबहादुर थापा, बाँके

नदी सुक्ला अनि तर्छु भनी बस्याको छु ।
सबथोक पुग्या सेवा गर्छु भनी बस्याको छु ॥

रिल हेर्छु टिकटक हेर्छु युटुब हेरी बस्याको छु ।
पढ्न्या लेख्न्या मन लाग्दैन प्रथम हुन्या सोच्याको छु ॥

काम गरुँला भन्दा भन्दै बिहान भयो दिउँसो भयो साँझ पनि हुन ला'गो ।
जाबो काम त भोलि गर्छु भनी बस्याको छु ॥

आफूसँग केही नहुँदा समाज सेवा केले गर्ने ।
आफूसँग सबथोक भै'गो समाज सेवा किन गर्नु भनी बस्याको छु ॥

एउटा कुरा बुझे मैले बाँच्न पाउने अधिकार मागेजस्तै सिंहसँग ।
गरिबले अधिकार माग्नु होला शोषकसँग ? सोची बस्याको छु ॥

एउटै झन्डा नाम कम्युनिस्ट लक्ष्य सबको भिन्न भिन्न ।
गरिबको हकहितमा लड्ने मजदुर किसान मादल चिह्न रोजी बस्याको छु ॥

# मोदी र पुटिनबिच भेट : व्यापार, ऊर्जा र रक्षाबारे छलफल

नयाँ दिल्ली, २६ भदौ (एएफपी) । रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबिच शुक्रबार नयाँ दिल्लीमा भेट भएको छ ।

उहाँहरूबिच व्यापार, ऊर्जा र रक्षाबारे कुराकानी भएको छ ।

राष्ट्रपति पुटिन ११ सदस्यीय ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन नयाँ दिल्ली आउनुभएको हो ।

मस्को नयाँ दिल्लीको सबैभन्दा महत्त्वपूर्ण रणनीतिक साझेदार र सैन्य आपूर्तिकर्ता हो । भारतीय टेलिभिजनमा दुवै नेता नयाँ दिल्लीको सम्मेलन केन्द्रमा हाँस्दै र एकअर्कालाई पिठ्युँमा धाप मारेको र अँगालो हालेको तस्वीर सार्वजनिक भएका छन् ।

अमेरिका-इरान युद्धका कारण उत्पन्न ऊर्जा सङ्कटमा भारतले रुसतर्फ ध्यान दिएको छ । युक्रेनमा रुसको युद्ध र वासिङटनलगायत पश्चिमी देशहरूको दबाबका बाबजुद पनि भारतले रुसी तेल किनिरहेको छ ।

नेता पुटिन सन् २०२५ डिसेम्बरमा भारत आएका थिए । यस महिनाको सुरुमा किर्गिस्तानको बिस्केकमा भएको शाङ्घाई सहयोग सङ्गठनको बैठकमा पनि दुवै नेता भेटेका थिए । त्यहाँ भारतीय प्रधानमन्त्री मोदीले पुटिनलाई 'अनन्त युद्धबाट युद्धको अन्त्यतिर अघि बढ्न' आग्रह गर्नुभएको थियो ।

मध्यपूर्व युद्ध सुरु भएपछिका हप्ताहरूमा मार्चमा भारतीय रिफाइनरीहरूले रुसबाट कच्चा तेलको आयात झण्डै दोब्बर बनाएका थिए । प्रतिबन्धमा अस्थायी अमेरिकी छुटले यसमा सहयोग पुगेको थियो ।

व्यापारिक सूचना कम्पनी केप्लरका अनुसार जूनमा आयात बढेर दैनिक २७ लाख १० हजार ब्यारेल पुगेको थियो भने जुलाईमा यो २८ लाख १० हजार ब्यारेलको उच्चस्तरमा पुगेको थियो । अगस्टमा भने घटेर दैनिक २० लाख ७० हजार ब्यारेल भए पनि अझै महत्त्वपूर्ण मात्रामा नै छ ।

भारतीय सरकारी तथ्याङ्कअनुसार सन् २०२५/२६ मा दुई देशबिचको वस्तु व्यापार ५९.९ अर्ब डलर पुगेको थियो । भारतले ४.४९ अर्ब डलर निर्यात गर्दा ५५.३७ अर्ब डलरको आयात गरेको थियो ।

# बाढीले थुपारेको भग्नावशेष हटाउन : ९५ अर्ब ४२ करोड लाग्ने

काठमाडौँ, २६ भदौ । भोटेकोसी बाढीले थुपारेको ढुङ्गा, माटो, बालुवा र भवनका भग्नावशेष हटाउनका लागि मात्रै रु. ९५ अर्ब ४२ करोड खर्च लाग्ने अनुमान गरिएको छ ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको 'द्रुत क्षति र आवश्यक मूल्याङ्कन (आरडिएनए) प्रतिवेदन' मा तत्काल र दीर्घकालीन पुन:स्थापनाका लागि उक्त खर्च लाग्ने अनुमान रहेको उल्लेख छ ।

प्रतिवेदनमा 'क्रस कटिङ' क्षेत्रअन्तर्गत भत्किएका भवनका संरचना हटाउन, विपद् जोखिम न्यूनीकरण र समावेशी पुन:स्थापनाका लागि उक्त रकम खर्च हुने आकलन छ । बाढीका कारण रु. ४८ अर्ब २४ करोडबराबरको भत्किएका भवनका संरचना थुप्रिएको छ । त्यसमा करिब दुई अर्बको माटोको थुप्रो छ । यो हटाउनका लागि मात्रै रु. ३० करोडभन्दा बढी खर्च लाग्ने अनुमान छ ।

त्यसैगरी, विपद् जोखिम न्यूनीकरणका लागि तत्काल रु. ३५ करोड र दीर्घकालका लागि रु. ९४ करोड ४० लाख गरी रु. ९४ करोड ७५ लाख बराबर खर्च हुने अनुमान छ । त्यसमा जलमार्गमा रहेको भग्नावशेष हटाउने, नदी व्यवस्थापन तथा बस्ती संरक्षण, कमाण्ड क्षेत्र विकास, उच्च नदी किनाराको कटान तथा पहिरो नियन्त्रण, सिँचाइ प्रणाली पुन:स्थापना तथा बहुविपद् पूर्वसूचना प्रणालीलगायतको विकासका लागि उक्त खर्च लाग्ने देखिएको हो ।

प्रतिवेदनले समावेशी पुन:स्थापनाका लागि तत्काल अर्थात् छ महिनाका लागि रु. १५ करोड आवश्यक रहेको देखाएको छ । यो रकम असुरक्षित र सीमान्तकृत समुदाय, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अन्य जोखिममा रहेका समूहको आवश्यकता समेटेर पुन:स्थापना तथा पुनर्निर्माणमा खर्च गरिनेछ ।

प्रतिवेदनले भवनको भग्नावशेष, ढुङ्गा, माटो, बालुवा हटाउने काम छ महिनाभित्र ३१.१ प्रतिशत पूरा गर्न सकिने उल्लेख गरेको छ । साथै जोखिम न्यूनीकरण व्यवस्थापनअन्तर्गत ०.४ प्रतिशत काममात्रै गर्न सकिने प्रतिवेदनको ठहर छ । समावेशी पुन:स्थापना र पुनर्निर्माण भने सो समयभित्र सम्पन्न गर्न सकिने सम्भावना छ ।

तत्कालको पुनरुत्थानका लागि पूर्वाधार क्षेत्रमा रु. ६७ अर्ब ४२ करोड खर्च हुनेछ । जसमा ऊर्जा क्षेत्रमा जलविद्युत् र ग्रीड, घरायसी नवीकरणीय ऊर्जा, सडक, पुल, सञ्चार, सफाइ तथा खानेपानी, सिँचाइ र नदीसँग सम्बन्धित काम हुनेछन् । सामाजिक क्षेत्रको पुनरुत्थानका लागि तत्काल रु. आठ अर्ब २९ करोड लाग्ने अनुमान गरिएको छ । यसमा निजी घर, सार्वजनिक भवन र सुविधा, शिक्षा, स्वास्थ्य र सांस्कृतिक क्षेत्रमा खर्च हुनेछ ।

उत्पादन क्षेत्रको तत्काल पुनरुत्थानका लागि रु. पाँच अर्ब लाग्ने अनुमान छ । यो रकम कृषि, माछापालन, पशुपालन, बैङ्किङ, आर्थिक गतिविधि र जीवनयापनमा खर्च गरिनेछ । साथै भग्नावशेष हटाउन र विपद् जोखिम न्यूनीकरणका लागि तत्काल अर्थात् छ महिनाका लागि रु. छ अर्ब ६० करोड लाग्ने आकलन छ । ***रासस***

***कार्की...***

**एकीकृत विशेष सुरक्षा योजना**

काठमाडौँका प्रमुख जिल्ला अधिकारीले जीएनजेड आन्दोलनको घोषणा भएपछि जिल्ला सुरक्षा समितिको बैठकमार्फत 'सुरक्षा व्यवस्थालाई मजबुत तुल्याउन थप फौज परिचालनको लागि आ-आफ्ना तालुक निकायसँग समयमै समन्वय गर्नू' भनी निर्देशन दिएका थिए । प्रहरी प्रशासन, गुप्तचर संयन्त्र र जिल्ला सुरक्षा निकायबाट प्राप्त सूचनाका आधारमा आन्दोलन सामाजिक सञ्जालसम्बन्धी विषयमा असन्तुष्टि प्रकट गर्ने कार्यक्रमको रूपमा बुझिएको र प्रारम्भिक चरणमा शान्तिपूर्ण रहने अनुमान गर्दै आन्दोलनको सम्भावित रूट, समय, सहभागीको अनुमानित सङ्ख्या र संवेदनशील क्षेत्र पहिचान गरी एकीकृत विशेष सुरक्षा योजना, २०८२ स्वीकृत गरी सोहीबमोजिम सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

२०८२ साल भदौ २२ गते काठमाडौँका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा प्र.ब.उ. विश्व अधिकारी, सह अ.नि. रिबेनकुमार गच्छेदार, प्रमुख सेनानी गणेश खड्का, स.प्र.उ. जीवन केसी, स.प्र.उ. रोशन घिमिरे, स.प्र.जि.अ. मुक्तिराम रिजाल र प्र.उ. अपिलराज बोहरा समेतको जिल्ला सुरक्षा समितिको बैठकले एकीकृत विशेष सुरक्षा योजना स्वीकृत गरी सोअनुसार सुरक्षा व्यवस्था मिलाउने निर्णय भएको थियो । सो सुरक्षा योजनामा कमान्ड पोस्ट स्थापना, निषेधित क्षेत्र कर्डन, र्‍यालीको स्कर्ट, सूचना सङ्कलन, पिकेटिङ, रोडब्लकिङ, गर्ने र सुरक्षा योजनाबमोजिमको अपुग जनशक्ति व्यवस्थापन सम्बन्धित सुरक्षा निकायहरूबाट माग गरी पूर्ति गर्ने भन्ने उल्लेख थियो । त्यसकारण, तीन तहको सुरक्षा रणनीतिअन्तर्गत सुरक्षाकर्मीको भूमिका निर्दिष्ट गरिएको थियो ।

प्लान 'ए' अन्तर्गत पूर्वघोषित कार्यक्रम तोकिएको समय र स्थानमा शन्तिपूर्ण भएमा आयोजकसँग समन्वय र सहकार्य गरी सुरक्षा र ट्राफिक व्यवस्थापनमा सहजीकरण गर्ने, प्लान 'बी' मा निषेधित क्षेत्र वा संवेदनशील क्षेत्र प्रवेश गर्न जबरजस्ती गर्ने, लाठी ढुङ्गामुढा गर्ने, सरकारी कार्यालयको काममा अवरोध सिर्जना गर्ने वा प्रवेश गर्ने, सार्वजनिक तथा सरकारी सवारी साधनमा अवरोध गर्ने, सार्वजनिक सम्पत्ति वा सवारी साधन तोडफोड गर्ने, सुरक्षाकर्मीको काममा दखल पुऱ्याउने वा मुठभेड गर्ने, बैङ्क तथा वित्तीय संस्थाको कामकारबाहीमा अवरोध पुऱ्याउने, कालोमोसो दल्ने वा अन्य अवाञ्छित गतिविधि गर्ने र हिंसात्मक गतिविधितर्फ उन्मुख भएमा सम्झाइबुझाइ गर्ने, निषेधित क्षेत्रको बारेमा जानकारी गराउने, कानुनबमोजिम कारबाही हुने कुरा जानकारी गराउने, सिलसिलेवर बल प्रयोगमार्फत अवस्थालाई नियन्त्रणमा लिने ।

प्लान 'सी' मा निषेधित क्षेत्रहरूमा प्रवेश गर्ने वा सुरक्षाकर्मीमाथि साङ्घातिक आक्रमण गरेमा, हातहतियारसहित झडप गरेमा, महत्त्वपूर्ण र निषेधित क्षेत्रमा जबरजस्ती प्रवेश र आगजनी गरेमा, निर्धारित कार्यक्रमभन्दा अन्य कार्य गरी हताहत हुने अवस्था भएमा वा स्थिति नियन्त्रण गर्न कर्फ्यु लाग्ने अवस्था भएमा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम बल प्रयोग गरी अवस्थालाई नियन्त्रणमा लिने, कर्फ्यु आदेश जारी हुने तथा निषेधित क्षेत्रलगायतको सुरक्षामा जिल्ला सुरक्षा समितिबाट थप निर्णय भई सेना परिचालनको लागि अनुरोध गर्ने भन्ने योजना रहेको थियो ।

उक्त प्रकारको सरकारी निकायबाट तयार गरिएको रणनीतितर्फ विचार गर्दा भदौ २२ गते साँझ प्र.जि.अ. को कार्यकक्षमा बसेको बैठक र जिल्ला सुरक्षा समितिको २०८२ भदौ २३ गते बिहान ०९:०० बजे बसेको बैठकले काठमाडौँको शान्ति सुरक्षाको स्थिति सन्तोषजनक रहेको भनी विश्लेषण गरेको देखिन्छ ।


## साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको **१९ औं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**कार्यक्रम**

**स्थान** : संस्थाको कार्यालय परिसर

**समय** : दिनको १:०० बजे

**मिति** : २०८३।०६।२८ गते, बुधबार

**भक्तपुर उद्यमी बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-५, सुकुलढोका, भक्तपुर



## बाढी र डुबान हुनुपूर्वको तयारी

- ❖ नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- ❖ घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- ❖ आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- ❖ गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- ❖ बर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- ❖ बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- ❖ प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मासाफेर याट्टामा ६० प्यालेस्टिनी विस्थापित

संयुक्त राष्ट्रसङ्घ, २६ भदौ (सिन्ह्वा) । दक्षिणी वेस्ट बैङ्कको मासाफेर याट्टा क्षेत्रमा इजरायली अधिकारीहरूले घर तथा अन्य संरचना भत्काएपछि करिब ३० बालबालिकासहित ६० जना प्यालेस्टिनी विस्थापित भएका छन् । संयुक्त राष्ट्रसङ्घले घटनाप्रति चिन्ता व्यक्त गर्दै यस क्षेत्रमा थप विस्थापनको जोखिम बढेको जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) का अनुसार मङ्गलबार दुई प्यालेस्टिनी पशुपालन समुदायका २० घरसहित पानीका तलाउ, सौर्य प्यानललगायत संरचना भत्काइएका थिए । यसअघि सेप्टेम्बर २ मा नजिकैको अर्को समुदायमा पनि संरचना भत्काइएको थियो । ध्वस्त गरिएका धेरै संरचना दातृ निकायको सहयोगमा निर्माण भएका थिए ।

हेब्रोन पहाडी क्षेत्रमा पर्ने मासाफेर याट्टाका १३ समुदायमा करिब एक हजार दुई सय प्यालेस्टिनी बसोबास गर्छन् । इजरायली अधिकारीहरूले यस क्षेत्रलाई 'गोलीबारी क्षेत्र' तोकेका छन् भने मानवीय संस्थाहरूले बस्ती चौकी स्थापना भएपछि प्यालेस्टिनीमाथि हिंसा बढेको बताउँदै आएका छन् ।

संयुक्त राष्ट्रसङ्घ र मानवीय साझेदारले बुधबार प्रभावित क्षेत्रको भ्रमण गरी विस्थापित परिवारलाई आपत्कालीन आश्रय, खाना, सरसफाइका सामग्री, शिशुका आवश्यक सामग्री र मनोसामाजिक सहयोग उपलब्ध गराएका छन् ।

ओसिएचएका अनुसार यस वर्ष वेस्ट बैङ्कमा संरचना भत्काइएका कारण करिब एक हजार पाँच सय प्यालेस्टिनी विस्थापित भएका छन् । बसोबास गर्नेहरूमाथिको हिंसा र आवतजावत प्रतिबन्धका कारण थप दुई हजार छ सयभन्दा बढी विस्थापित भएका छन् ।

यसैबिच, गाजामा संयुक्त राष्ट्रसङ्घीय निकाय तथा मानवीय साझेदारले देइर अल-बलाहको अल-बुरेज क्षेत्रमा हवाई आक्रमणबाट आश्रयस्थल ध्वस्त वा क्षतिग्रस्त भएका ३० परिवारलाई आपत्कालीन सहायता उपलब्ध गराइरहेका छन् । सेप्टेम्बरको पहिलो साता हवाई आक्रमण, भवन भत्किँदा र आगलागीलगायत १८ घटनाबाट प्रभावित एक सयभन्दा बढी परिवारलाई सहयोग गरिएको तथा एक हजार आठ सयभन्दा बढी परिवारलाई पाल, प्लास्टिकका पाना, ओछ्यान र सौर्य बत्तीलगायत आश्रय सामग्री वितरण गरिएको ओसिएचएले जनाएको छ ।

***समाजले...***

देशका गुप्त विषय विदेशीहरूसम्म पुऱ्याई देशमाथि आघात पुऱ्याउने तिनीहरूमध्ये नै हुनुपर्छ भन्ने अनुमान सजिलै जनताले गर्न सक्छन् । ती ठुला बडाले मात्रै शासक दलहरू, कार्यपालिका, न्यायपालिका, सेना, प्रहरी, गुप्तचर विभाग र प्रशासन यन्त्रबारे बताउन सक्छन् । यसबारे अहिलेसम्म छानबिनको रिपोर्ट बाहिर नआउनु ठुलो खतराको विषय हो ।

पूर्वपश्चिम राजमार्गको कर्मचारी, शिक्षक, अन्य क्षेत्र र जनताको चन्दाबारे पनि हिसाबकिताब बाहिर आएको छैन । त्यसैकारण, २०४५ सालको भूकम्पमा आफ्ना पीडित गरिब जनतालाई सहयोग गर्न भक्तपुर नगरपालिकाले तत्कालै कोष खडा गरेको थियो भन्ने चर्चा चल्यो । त्यसको एक दुई दिनपछि मात्रै सरकारले प्रम कोष खडा गऱ्यो । भक्तपुर काण्डको एउटा चुरो त्यसैलाई मानेका थिए - मरिचमान सरकारका पञ्चहरूले ।

निर्माण व्यवसायी, व्यापार र उद्योग व्यवसायी संस्थाहरू सरकारको नजिक जान बारम्बार कोसिसमा छन् । तर, जनता तिनीहरूप्रति नै चोर औँला ठड्याइरहेका हुन्छन् । २०८३ भदौ १९ को 'नागरिक' दैनिकको एक शीर्षक हो - 'उद्योग व्यवसायीलाई प्याकेज', 'सर्वसाधारणलाई गाँसबासकै चिन्ता' यस शीर्षकबाटै साधारण जनता के चाहन्छन् भन्ने बुझिन्छ । समाज सचेत हुनु जरुरी छ ।

***नेपाल....***

**पठनानुभूतिका पत्रहरू**

खोलो तर्ने, लौरो बिर्सने - यो एक अवसरवादी मन्त्र हो । यो मन्त्र नेपालका शासकहरूले मात्र होइन, बौद्धिकवृत्तले पनि अङ्गाल्दै आएको छ । सोभियत सङ्घबाटै शिक्षित र दीक्षित कति जना बुद्धिजीवीले रुसलाई हाकाहाकी माया गर्लान् ?

यस अर्थमा रामबिन्दु श्रेष्ठ अलग हुनुहुन्छ; साँच्चिकै 'जेन्टलम्यान' हुनुहुन्छ । उहाँको कालजयी कृति 'मेरा सोभियत सम्झनाहरू' पढ्ने पाठक सबैले यो कुरा महसुस गरेको हुनुपर्छ । अघिल्लो वर्ष उहाँले 'हजारौँ विजय' पुस्तक प्रकाशित गर्नुभयो । पुस्तकमा उहाँले पश्चिमा समाजमा पलाएको र मौलाएको फासीवादी विचारलाई परास्त गर्न सोभियत जनताले के-कस्ता दु:खकष्ट खेपेर 'हजारौँ विजय' हासिल गरे भनी वर्णन गर्नुभयो ।

'नेपाल-रुस सम्बन्धका पाटाहरू' लेखक श्रेष्ठको तेस्रो कृति हो । त्यसो त यस कृतिमा सङ्ग्रहित कतिपय रचना यसअघि नै देशका विभिन्न छापा माध्यममा प्रकाशित भइसकेका छन् । तर, तिनलाई एउटै रेखामा उनेर लेखकले अलग्गै चित्र बनाउनुभएको छ । नेपाल-रुस सम्बन्धको छोटो तर सग्लो चित्र कोर्नुभएको छ । यो चित्रमा दुई देशको विगत र आगत छ । दुई देशको सम्बन्धमा देखापरेका अनेक उकाली ओराली छन् । यात्राका अनेक रमाइला, रोचक र घोचक मोड छन् । पछिल्लो मोडबाट लेखक आहत हुनुहुन्छ । त्यसैले उहाँ व्याकुल बन्नुहुन्छ । उहाँको व्यथा पुस्तकको मूल कथा बन्छ ।

सोभियत रुस नेपाललाई पछौटेपनबाट बाहिर निकाल्ने एक सारथी बनेर आयो । उसले नेपाललाई उद्योग, अस्पताल, सडक दियो; ऊ नेपाली बौद्धिक जगतको उत्प्रेरक र सहयात्री बन्यो । पछिल्लोपल्ट देशमा 'हवाई मित्र' हाबी हुँदै जाँदा देशले कतै बाटो बिराएको त होइन ? लेखक श्रेष्ठको सबैभन्दा ठुलो प्रश्न हो यो । यो प्रश्न लेखक एक्लैको होइन । समग्र तेस्रो विश्वका इमानदार बुद्धिजीवीको प्रश्न हो यो ।

पुस्तकमा अनेक रस छन् । कतै साहित्यिक चर्चाले मजा दिन्छन् त कतै रुसी मित्रहरूका अनुभूतिले भावुक बनाउँछन् । कतै एक स्वतन्त्र मुलुकको रूपमा हामीलाई माथि उठाउने प्रसङ्ग छन् त कतै 'के हामी वास्तवमै स्वतन्त्र मुलुक हौँ' भनी प्रश्न जगाउँछन् । नेपाल-रुस सम्बन्धका उतारचढावलाई एकै ठाउँ ल्याएर इतिहासबोध गराउने लेखक श्रेष्ठ धन्यवादका पात्र हुनुहुन्छ । मन र मस्तिष्क दुवैलाई तरङ्गित पार्ने पुस्तक 'नेपाल-रुस सम्बन्धका पाटाहरू' सबै गम्भीर पाठकले पढून् ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा